सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि.
जगाती-७, भक्तपुर

AI Tools को व्यावहारिक ज्ञान तथा सीप विकाससम्बन्धी तालिम सूचना

**तालिम मिति** : २०८३ असार ५ गतेदेखि ७ गतेसम्म
**समय** : बिहान ६:०० बजेदेखि ८:०० बजेसम्म
**स्थान** : सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि., सभाहल, जगाती, भक्तपुर
**दर्ता गर्ने अन्तिम मिति** : २०८३ असार २ गते
**दर्ता शुल्क** : रू.१००।- मात्र

**नोट**: सीट सीमित भएकोले चाँडोभन्दा चाँडो नाम दर्ता गराउन अनुरोध छ ।

*आफ्नो भविष्यलाई डिजिटल सीपसँग जोड्नुहोस्, AI सिकेर अघि बढ्नुहोस् ।*

थप जानकारीका लागि: ०१-६६११२००/९८४२७७११३३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क :१३३ ★ ने. सं. ११४६ अनला गा, पञ्चमी ★ शुक्रबार ★ २२ जेठ, २०८३ ★ June 5, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## "शोषणरहित समाजको लागि सामाजिकीकरण जरुरी हुन्छ"




भक्तपुर, २१ जेठ । आदर्श आजाद माविको ६७ औँ र आदर्श आजाद कलेजको १८ औँ वार्षिकोत्सव कार्यक्रम बिहीबार सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले नेमकिपाले विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क हुनुपर्ने विषय उठाउँदै आएको तर आजसम्मका सरकारहरूले यो विषयलाई कार्यान्वयनमा नल्याएको हुँदा देश र जनताले दु:ख पाइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "विद्यालय र कलेजहरूमा पाठ्यपुस्तक अध्यापनसँगसँगै खेलकुद, हाजिरी जवाफ, सङ्गीत, वाद्यवादनसमेतलाई जोड दिनुपर्ने शारीरिक र मानसिक स्वास्थ्यविज्ञहरूको सुझावलाई शिक्षकहरूले मनन गर्नु आवश्यक छ ।"

कतिपय देशमा नयाँ पुस्ताका विद्यार्थीहरूलाई मोबाइल, आईप्याड, ल्यापटप, टीभीको कुलतबाट जोगाउन पुन: पुस्तक र कापीमार्फत पढाउने सुरु गरिँदै आएकोले नेपालका शिक्षकहरू यसतर्फ पनि सचेत हुनुपर्ने उहाँले उल्लेख गर्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "अहिले सरकारमा पुगेको पार्टीको विधानमा शोषणरहित समाज निर्माण गर्ने उल्लेख छ । तर, यो पार्टीको निर्वाचन वाचापत्रमा आर्थिक उदारीकरण उल्लेख छ । शोषणरहित समाजको लागि सामाजिकीकरण जरुरी हुन्छ भने आर्थिक उदारीकरणमा भएको सरकारी उद्योग व्यक्तिलाई बेच्ने, युवालाई विदेश पठाउने र विदेशी ऋण ल्याएर देश नवउपनिवेश बनाइन्छ ।"

उहाँले भन्नुभयो, "भदौ २३ गते नेपाल प्रहरीको झूटा परिचय प्रयोग गरी विद्यार्थीलाई विद्यालय पोशाक र पुस्तकसहितको झोलामा प्रदर्शनमा आए सरकारले गोली नहान्ने झूटा कुरा गरी बोलाउने, निहत्था जनताको हत्या गर्ने र भदौ २४ गते देशभरि आगजनी गर्नेहरूलाई सिंहदरबारमा पुऱ्याउने होइन, जेलमा राख्नु जरुरी छ । यिनीहरूलाई फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनमा समेत उठ्न नपाउने व्यवस्था गर्नुपर्ने थियो, तर गरिएन ।"

सरकार प्रमुखले प्रतिनिधिसभामा नेपालले भारतको सीमा मिचेको बताएको देशविरोधी भनाइ हो । नेमकिपाले नेपालको भूमि सुस्ता, लिपुलेक, कालापानी, लिम्पियाधुरासम्ममा भारतीय अतिक्रमको विरोधमा काठमाडौँस्थित भारतीय राजदूतावास अघि धर्नासहित ज्ञापनपत्र दिएको हो," सचिव सुवालले उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "शिक्षकहरूले विद्यार्थीहरूलाई योग्य बनाएर देश र जनताको सेवामा पठाउने र मदिरा, धूमपान, लागूपदार्थलगायत कुलतबाट बचाउने काम गर्नु जरुरी छ ।"

भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउनका लागि नगरपालिकाले

*बाँकी पृष्ठ ८ मा*

## राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनबारे निर्णयको अंश – ८

व्यक्तिका निजी घर र प्रख्यात व्यापारिका प्रतिष्ठानका भवनहरूसमेत पूर्वयोजनाबमोजिम छानी छानी तोडफोड र आगजनी गरेको कारण नेपालको संविधानको धारा १७ (२) (ङ) र (च) मा उल्लिखित नेपालको कुनै पनि भागमा आवतजावत, बसोबास गर्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा पेसा-रोजगार गर्ने तथा उद्योग, व्यापार-व्यवसायको स्थापना र सञ्चालन गर्ने हक हनन् हुन पुगेको देखियो ।

नेपालको संविधानको धारा ५१ ख को (२) मा "मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने" उल्लेख छ । संविधानले सोको जिम्मेवारी राज्यलाई दिएको पाइन्छ भने धारा ७५ ले नेपालको सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित गरेको छ ।

सुरक्षासँग सम्बन्धित कानुन सैनिक ऐन, २०६३ को दफा ४ अनुसार मन्त्रिपरिषद्को निर्णयबाट सेना सञ्चालन हुने भन्ने स्पष्ट व्यवस्था भएको, सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ६ ले मन्त्रिपरिषद्को आदेशबाट मात्र सशस्त्र प्रहरी परिचालन हुने र प्रहरी ऐन, २०१२ को दफा ४ अनुसार नेपाल प्रहरीको सञ्चालन पनि मन्त्रिपरिषद्बाट हुने व्यवस्था गरेको छ । साथै स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ अनुसार शान्ति सुव्यवस्था कायम गर्ने जिम्मेवारी पाएका प्रमुख जिल्ला अधिकारी पनि नेपाल सरकारकै कर्मचारी भएकोमा कुनै विवाद देखिएन । यसैगरी गुप्तचरी सूचना सङ्कलन गर्ने जिम्मेवारी पाएको अनुसन्धान विभागसमेत मन्त्रिपरिषद्कै अधीनमा रहेको पाइयो ।

"नेपाल प्रहरीसमेतका सुरक्षा निकायहरूलाई भिड नियन्त्रणका लागि नभई नहुने आधारभूत स्रोत-साधन जस्तै: हेलमेट, लाठी, फेसशिल्ड, बडी आर्मर, घुँडाको गार्ड, टियर ग्यास, रबरको गोली, वाटर क्यानन, पेपर स्प्रे माइक, रिमोट, लाउड स्पिकर, सीसीटीभी, पोर्टेबल रेकर्डर, बडीक्याम आदिको बन्दोबस्त गर्नको लागि पर्याप्त बजेटको व्यवस्था नभएको" भन्ने बयानमा खुल्न आएको देखिन्छ । यस्ता स्रोत सामग्रीको अभावमा भिड नियन्त्रण गरी शान्ति कायम गर्ने सन्दर्भमा सिलसिलेवार बल प्रयोगको सिद्धान्तले मात्र शान्ति सुरक्षा कायम गर्न सकिने अवस्था समेत देखिँदैन ।

तत्कालीन प्रधानमन्त्रीले 'गोली हान्न आदेश दिएको छैन' भनी लिएको जिकिरका आधारमा मात्रै राज्य सञ्चालनको प्रमुख जिम्मेवारीमा रहेका तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली जिम्मेवार छैनन् भन्न सकिने अवस्था देखिएन । निज पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले अनुसन्धान समितिसमक्ष बयान दिँदा "सामाजिक सञ्जालमा आफूले प्रतिबन्ध नलगाएको, नियम कानुनबमोजिम भएको" भनी जिकिर लिए तापनि तत्कालीन सूचना तथा सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङ, सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीहरूले बयानका क्रममा "सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्ध तत्काल फुकुवा गर्नुपर्छ अन्यथा स्थिति भयावह हुन सक्छ भनी दिएको सुझाव प्रधानमन्त्रीले नमानेको" भनी उल्लेख गरेको देखिन्छ ।

सामाजिक सञ्जालमा लगाएको प्रतिबन्धका कारण भदौ २३ गतेको प्रदर्शन सुरु भएको र त्यसपछि देशैभरि जुन परिस्थितिको सिर्जना भयो त्यसको मुख्य कारकको रूपमा तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली रहेको देखिन्छ । त्यस्तै भदौ २३ गते बेलुका र २४ गते दिउँसोसम्मको सुरक्षा अवस्था विश्लेषण गर्दा नेपाली सेनाबाहेक सबै सुरक्षा संयन्त्र असफल भएको देखिएको अवस्थामा पनि मन्त्रिपरिषद्ले सेनाको सहयोग लिनेबारे कुनै निर्णय गरेको पाइँदैन । अत: तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली (केपी ओली) समेतले कानुनबमोजिमको दायित्व पूरा नगरी उदासीन बसेको कारण मानव अधिकारको उल्लङ्घन भएको देखिन आउँछ ।

## जेसिस सेकेन्डरी स्कूलमा एसईई २०८२ ब्याचलाई बिदाइ

भक्तपुर, २१ जेठ । जेसिस सेकेन्डरी स्कूलले एसईई २०८२ ब्याचका विद्यार्थीलाई बिदाइ तथा शुभकामना कार्यक्रम बिहीबार सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिको आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले शिक्षामार्फत समाज रूपान्तरण गर्ने उद्देश्यले शैक्षिक संस्था सञ्चालन भइरहेको बताउनुभयो ।

विद्यार्थीहरूको उज्ज्वल भविष्यको कामना गर्दै उहाँले उच्च शिक्षा अध्ययनको अवसर उपलब्ध गराउन भक्तपुर नगरपालिकाले कलेजहरू सञ्चालन गरी देशभरका विद्यार्थीलाई उच्च शिक्षा पाउने अवसर दिइरहेको छ भन्नुभयो ।




नगर प्रमुख प्रजापतिले सरकारले शिक्षा नि:शुल्क भने पनि शिक्षामा कर लगाएर अभिभावकमाथि थप भार थोपरेको टिप्पणी गर्नुभयो ।

जुनसुकै विषय अध्ययन गरे पनि विशेषज्ञ बन्नुपर्नेमा जोड दिँदै उहाँले देश निर्माणका लागि सबै विषयको समान महत्त्व रहेको हुन्छ भन्नुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "आफूले आर्जन गरेको शिक्षा बहुसङ्ख्यक जनताको हितमा प्रयोग गर्नुपर्छ । विदेशमा उच्च शिक्षा हासिल गरेपछि आफ्नै देशमा फर्किएर सेवा गर्नुपर्छ । शिक्षक र अभिभावकले विद्यार्थीहरूलाई सधैँ उत्साहित गरिरहनु आवश्यक छ । विद्यार्थीले पनि क्षमता र रूचिअनुसार विषय छनोट गरेपछि पछुटाउनुपर्दैन ।"

विद्यालयका प्रिन्सिपल जयराम गोर्खालीले विद्यार्थीहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दै एसईईपछिको शैक्षिक यात्रा अझ चुनौतीपूर्ण हुने भएकोले स्पष्ट लक्ष्य निर्धारण गरी अगाडि बढ्न सुझाव दिनुभयो ।

*बाँकी पृष्ठ ८ मा*

### व्यङ्ग्यचित्र कुनो



# नगर प्रमुख प्रजापतिद्वारा लिबालीको ख्वप्रिङ स्कूलमा भएको आगलागी निरीक्षण




भक्तपुर, २१ जेठ । भक्तपुरको लिबालीस्थित ख्वप्रिङ एकेडेमी इङलिश स्कूलमा हिजो राति करिब १२:३० बजेतिर आगलागी भएको छ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बिहीबार बिहान आगलागी स्थलमा निरीक्षण गर्नुभयो ।

बिजुलीको तार सर्ट भएर आगलागी भएको हुनसक्ने आकलन गर्दै विद्यालयका प्रिन्सिपल विनोद प्रजापतिले आगलागीबाट करिब रु. पचास लाख बराबरको क्षति भएको हुनसक्ने जानकारी गराउनुभयो । आगलागीका कारण दुईतले भवनको माथिल्लो तलामा ठुलो क्षति पुगेको थियो ।

आगोले दोस्रो तलाको सबै कक्षाकोठाहरू जलेर पूर्णरूपमा नष्ट भएको विद्यालयका प्रधानाध्यापक प्रजापतिले जानकारी दिनुभयो ।

बिजुलीको तार सर्ट भएर सुरु भएको आगो स्थानीयवासी र दमकलको सहयोगमा आगो नियन्त्रणमा आएको थियो । आगलागीमा कुनै मानवीय क्षति नभएको बताइएको छ । आगलागी भएको क्षेत्रमा विद्यालयका शिक्षक र कर्मचारीहरूको सक्रिय सहभागितामा सरसफाइ कार्य गरिसकेको छ ।

# भक्तपुर नगरपालिकाद्वारा महिलाहरूसँग बजेटसम्बन्धी राय सुझाव सङ्कलन

भक्तपुर, २१ जेठ । भक्तपुर नगरपालिकाले आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने क्रममा महिलाहरूबाट राय सुझाव सङ्कलन गऱ्यो । कार्यक्रममा सहभागी महिलाहरूले शिक्षा, स्वास्थ्य, रोजगारी, सीपमूलक तालिम, उद्यम विकास, सामाजिक सुरक्षा र महिलाहरूको समस्या आदिबारे विभिन्न सुझावहरू दिएका थिए ।



कार्यक्रममा नगर प्रमुख प्रजापतिले नगरपालिकाले हरेक वर्ष जनतासँग प्रत्यक्ष रूपमा सुझाव सङ्कलन गर्दै आएको बताउनुभयो ।

वडास्तरबाट, नगरपालिकामा आयोजना गरिने भेला र अनलाइन माध्यमबाट समेत नगरवासीहरूबाट सुझाव सङ्कलन गर्ने गरिएको जानकारी दिँदै उहाँले जनप्रतिनिधि र नागरिकबिचको सहभागितामूलक सम्बन्धलाई थप सुदृढ बनाउन यो कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रमबाट प्राप्त सुझावहरूलाई आगामी बजेट तथा कार्यक्रममा प्राथमिकताको आधारमा समावेश गरिने उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले महिलाहरूले जबसम्म सुरक्षित, सम्मानित र स्वतन्त्र महसुस गर्दैनन्, तबसम्म देशको समग्र विकास र समृद्धिको कल्पना गर्न सकिँदैन भन्दै नगरका समस्याहरूलाई एकैपटक समाधान गर्न नसकिए पनि योजनाबद्ध र चरणबद्ध ढङ्गले दिगो रूपमा समाधान गर्दै लगिने बताउनुभयो ।

कार्यक्रममा उपस्थित महिला प्रतिनिधिहरूले चोरी-डकैती नियन्त्रणका लागि टोल-टोलमा सीसीटीभी जडान गर्नुपने, नसर्ने रोगसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, भक्तपुरको मौलिकता तथा सम्पदा संरक्षणमा विशेष ध्यान दिनुपर्ने, धारा तथा पानीका स्रोतहरूको संरक्षण र व्यवस्थापन गर्नुपर्ने, लागूऔषध दुर्व्यसन नियन्त्रणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने, स्थानीय टुर गाइडको अभाव भएकाले तालिम सञ्चालन गर्नुपर्ने, खोला किनारमा सुरक्षाका लागि पर्खाल निर्माण गर्नुपर्ने, पिच गर्न बाँकी रहेका सडकहरू कालोपत्रे गर्नुपर्ने, वडा नं. ३ मा आवश्यक स्थानमा शिशु स्याहार केन्द्र स्थापना गर्नुपर्ने, बालमन्दिरका विद्यार्थी तथा विद्यालयको उचित व्यवस्थापन गर्नुपर्ने, रात्रिकालीन प्रहरी गस्ती बढाउनुपर्ने, च्याम्हासिंह क्षेत्रमा पार्किङ व्यवस्थापन गर्नुपर्ने बताउनुभयो ।

उहाँहरूले महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्नुपर्ने, महिलाहरूका लागि उद्यमशीलता तथा सीपमूलक तालिमलाई व्यापक बनाउनुपर्ने, बहुउद्देश्यीय भवन निर्माणका लागि बजेट विनियोजन गर्नुपर्ने, सुत्केरी भेटघाट कार्यक्रममा सुत्केरी आमाहरूलाई उपहारको व्यवस्था गर्नुपर्ने, महिला स्वास्थ्य स्वयम्सेविकाहरूका लागि शैक्षिक भ्रमणको व्यवस्था गर्नुपर्ने, महिलाहरूमा रहेका सीपलाई व्यवसायीकरण गर्न आवश्यक ज्ञान तथा तालिम प्रदान गर्नुपर्ने, मिवाछेँ क्षेत्रका खाल्डाखुल्डी पुर्नुपर्ने, इन्द्रायणीको ढुङ्गेधाराको संरक्षण तथा व्यवस्थापन गर्नुपर्ने, वडा-वडाबाट किसानहरूलाई मल उपलब्ध गराउनुपर्ने, नगरभित्रका स्थानीय व्यवसायलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गर्नुपर्नेलगायतका सुझावहरू दिएका थिए ।

कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

## हार्दिक समवेदना

जन्म
२०१२/०७/०४



स्वर्गारोहण
२०८३/०२/११

यस समूहका सदस्य कृष्णराम ठिमीका श्रद्धेय बुबा **रुद्रप्रसाद ठिमी**को असामयिक निधन भएको आज बाह्रौं दिनको पुण्यतिथिमा दीवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**साथीहरू**

| | | |
|---|---|---|
| कृष्णप्रसाद कोजू | कृष्णसुन्दर खायमली | कृष्णराम कोजु |
| सूर्यराम गोसाई | चन्द्रराम गोसाई | कृष्णप्रसाद बोहजु |
| राजाराम गोसाई | राकेश सुकुपायो | सरोज कोजू |
| शेखर कोजू | सुनिल सुलु | विकेश सुकुपायो |
| विज्ञान स्यामा | उकेश सुकुपायो | नितिन लागेजु |
| सनम कोजू | रवी कोजु | सुजन कोजु |

**११ गते समूह**
भक्तपुर, नेपाल

# नगर प्रमुख प्रजापति र दक्षिणकाली नगरपालिकाका प्रमुख बस्नेतबिच भेट

भक्तपुर, २१ जेठ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र दक्षिणकाली नगरपालिकाका नगर प्रमुख मोहन बस्नेतबिच बुधबार दक्षिणकाली नगरपालिकामा भेटघाट भयो । प्रमुख बस्नेतले प्रमुख प्रजापतिसहितको प्रतिनिधिमण्डललाई खादा ओढाएर स्वागत गर्नुभएको थियो । भेटघाटमा दुवै नगरपालिकाबिच सांस्कृतिक संरक्षण, पर्यटन प्रवर्द्धन, स्थानीय आर्थिक विकास तथा नगर व्यवस्थापनका असल अभ्यास आदानप्रदान गर्ने विषयमा छलफल भएको थियो ।

सो अवसरमा प्रमुख प्रजापतिले भक्तपुर र दक्षिणकाली दुवै सांस्कृतिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण नगर भएको उल्लेख गर्दै पर्यटन प्रवर्द्धनका क्षेत्रमा सहकार्यको प्रशस्त सम्भावना रहेको बताउनुभयो । भक्तपुर नगरपालिकाले पर्यटक व्यवस्थापन र भक्तपुरको विकासका सन्दर्भमा पर्यटन शुल्क सङ्कलन गर्दै आएको र उक्त रकम भक्तपुरको शिक्षा तथा समग्र विकासमा जोड दिँदै आएको बताउनुभयो ।

नगर प्रमुख बस्नेतले दक्षिणकाली नगरपालिका र भक्तपुर नगरपालिकाबिच सम्बन्ध विस्तार तथा अनुभव आदानप्रदान गर्न आफू उत्सुक रहेको बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले वैदेशिक सहयोग स्वीकार नगरी आफ्नै स्रोत र साधनका आधारमा भक्तपुरको विकासको कार्यक्रम सञ्चालन गर्दै उदाहरणीय कार्य गरेको बताउनुभयो ।

प्रमुख बस्नेतले दक्षिणकाली नपा हाल आगामी आर्थिक वर्षको बजेट निर्माणको तयारीअन्तर्गत सुझाव सङ्कलन भइरहेको जानकारी दिँदै जनताको बौद्धिक विकासमा केन्द्रित कार्यक्रम आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

नगर प्रमुख बस्नेतका अनुसार नगरपालिका स्थापना भएको करिब १० वर्ष पुगे पनि आन्तरिक आम्दानीका प्रमुख स्रोत घरजग्गा बहाल तथा स्थानीय करहरू नै रहेका छन् ।

उक्त भेटघाट कार्यक्रममा भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवाल र दक्षिणकाली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि काफ्लेको पनि सहभागिता थियो ।

# विद्युत् प्राधिकरणको पुन:संरचनामा स्थानीय तह र समुदायको भूमिका सुनिश्चित गर्न माग

काठमाडौँ, २१ जेठ । सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घले नेपाल विद्युत् प्राधिकरणको पुन:संरचना गर्दा स्थानीय सरकार र समुदायको भूमिका सुनिश्चित गर्न माग गरेको छ । महासङ्घका अध्यक्ष नारायण ज्ञवालीले बिहीबार विज्ञप्ति जारी गरी प्राधिकरणको पुन:संरचना गर्दा स्थानीय सरकार र समुदायको भूमिका सुनिश्चित गर्नुपर्ने बताउनुभयो ।

उहाँले विद्युत् वितरण प्रणालीलाई चुस्त बनाउन, चुहावट नियन्त्रण गर्न र सेवालाई प्रभावकारी बनाउन स्थानीय तहलाई जिम्मेवार बनाउनुपर्ने उल्लेख गर्नुभयो । “विद्युत् वितरण व्यवस्थापनमा स्थानीय सरकार र सामुदायिक संस्थाको सक्रिय सहभागिता भएमा मात्र सेवा प्रवाह छिटोछरितो र जवाफदेही बन्न सक्छ”, अध्यक्ष ज्ञवालीले भन्नुभयो ।

महासङ्घले ५० युनिटभन्दा बढी खपत गर्ने उपभोक्तामाथि लगाइएको पाँच प्रतिशत भ्याट तत्काल फिर्ता लिनुपर्ने, विद्युत् महसुल दरलाई वैज्ञानिक, व्यावहारिक र समुदायमैत्री बनाउन पुनरावलोकन गर्नुपर्ने, कृषि, सिँचाइ र उद्योगमा विद्युत् खपत बढाउन विशेष सहुलियत प्याकेज ल्याउनुपर्ने मागसमेत गरेको छ । नेपालमा हाल करिब चार हजार ९०० मेगावाट विद्युत् उत्पादन क्षमता पुगेको सन्दर्भमा स्वदेशमा खपत बढाउनु आवश्यक रहेको महासङ्घले जनाएको छ ।

# मधेसका १६ प्रतिशत बालबालिकामा कुपोषण

धनुषा, २१ जेठ । मधेस प्रदेशमा १६ प्रतिशत बालबालिकामा कुपोषणको समस्या देखिएको छ ।

मिथिला नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख अशोक भण्डारीले अभियानमार्फत गरिएको परीक्षणले सो तथ्य पत्ता लागेको जानकारी दिनुभयो । स्वास्थ्य निर्देशनालय, मधेस प्रदेशले १३६ स्थानीय तहमध्ये १३३ स्थानीय तहमा गरिएको पोषण अवस्थाको परीक्षणमा दुई लाख ८३ हजार ३०८ बालबालिकाको स्वास्थ्य अवस्था मूल्याङ्कन गरिएको थियो ।

जसमध्ये ३५ हजार ८८३ जना कुपोषित, आठ हजार ७७१ जना शीघ्र कुपोषित र दुई लाख ३३ हजार १८२ जना सामान्य अवस्थामा रहेका तथ्याङ्कमा उल्लेख छ । विश्व स्वास्थ्य सङ्गठन ( डब्लुएचओ) को मापदण्डअनुसार यो अवस्था सङ्कटपूर्ण मानिन्छ ।

मधेस प्रदेशमा कुपोषित तथा शीघ्र कुपोषित बालबालिकाको सङ्ख्या ४४ हजार ६५४ पुगेको छ, जुन कूल परीक्षण गरिएका बालबालिकाको १५.७६ प्रतिशत हुन आउछ ।

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले गरिबी, अशिक्षा, पोषणसम्बन्धी चेतनाको कमी, सरसफाइको अभाव तथा असन्तुलित खानपान जस्ता कारणले मधेसमा कुपोषणका समस्या जटिल बन्दै गएको बताउनुभयो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मधेस प्रदेशका प्रदेश सचिव डा. प्रमोद यादवले कृषि उत्पादनमा सम्पन्न मानिने प्रदेशमा बाल कुपोषण



उच्च हुनु चिन्ताको विषय भएको जानकारी दिनुभयो ।

करिब २९ प्रतिशत बालबालिका मधेस प्रदेशमा जन्मिने र नेपालको कूल जनसङ्ख्याको झण्डै २२ प्रतिशत हिस्सा मधेस प्रदेशमा बसोबास गर्छन् ।

# जलवायुको असरका कारण साझा स्रोतमा दबाब

काठमाडौं, २१ जेठ । जलवायु परिवर्तनका कारण जलाशय सुक्दै जाँदा साझा स्रोतमा भार पर्न गएको एक सर्वेक्षणले देखाएको छ ।

काठमाडौंमा बिहीबार एक्सनएड अन्तर्राष्ट्रिय नेपालले सार्वजनिक गरेको 'युथ-लिड इभिडेन्सिङ अन कमन रिसोर्सेसेज एण्ड डिसेन्ट वर्क' (सामुदायिक स्रोतसाधन र मर्यादित रोजगारीसम्बन्धी युवाको नेतृत्वमा प्रमाण सङ्कलन) विषयक अध्ययन प्रतिवेदन त्यस्तो नतिजा देखाएको हो । प्रतिवेदनमा अध्ययन सीमा क्षेत्रअन्तर्गत नौ जिल्लाका दुई हजार ३९८ घर धुरीमा एक हजार ७७३ जना युवाबिच सर्वेक्षण गरिएको छ ।


अध्ययन प्रतिवेदनमा ७२ दशमलव २ प्रतिशत घरधुरीले पानी सङ्कलन र सिँचाइमा झनै कठिनाइको सामना गर्नु परेको जनाएको छ । एक्सनएडका अनुसार सिराह, बर्दिया, सुर्खेत, पर्सा, कपिलवस्तु, काठमाडौं, डोटी, मकवानपुर र चितवन गरी नौ जिल्लामा अध्ययन गरिएको थियो ।

त्यस्तै, जलवायु परिवर्तनका कारणले त्यस जिल्लाका ८४ दशमलव २ प्रतिशत जनजीवन प्रभावित भएको प्रतिवेदनको निष्कर्ष छ । तापक्रम बढ्दै गएको र वर्षा हुने प्रवृत्तिमा रूपान्तरण आएको अवस्था देखिएको छ ।

सार्वजनिक प्रतिवेदनले जलवायु परिवर्तनको नकारात्मक असरबाट सुरक्षित हुनुपर्ने सुझाव दिएको छ । प्रतिवेदनमाथि टिप्पणी गर्दै वातावरण विशेषज्ञ डा. रोशन शेरचनले जलवायु परिवर्तनको असरले सार्वजनिक स्रोतमाथिको पहुँच साँघुरिँदै गएको बताउनुभयो । "पोखरीमा पानी सुक्दै गएपछि त्यहाँका स्थानीय खासगरी महिला मारमा पर्दै गएका छन्", उहाँले भन्नुभयो, "जलवायु परिवर्तनले समाजको संरचनादेखि अर्थतन्त्रमा असर पारेको छ ।"

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका अधिकृत सुमित्रा राईले मानव अधिकार र पर्यावरण अधिकार एक अर्काका परिपूरक भएको बताउँदै यसबाट सीमान्तकृत समुदाय बढी प्रभावित भएको सुनाउनुभयो । एक्सनएड अन्तर्राष्ट्रिय नेपालका कार्यक्रम, नीति तथा व्यवसाय विकास, प्रमुख सरोज पोखरेलले जलवायु संरक्षणमा युवा सहभागिता आवश्यक रहेको बताउनुभयो ।

नेपाल महिला एकता समाज कार्यसमितिका सचिव धन श्रेष्ठले जलवायु परिवर्तनको नकारात्मक असरको पहिलो पीडित महिला र बालबालिका हुने बताउँदै राज्यले संरक्षित योजना बनाउन आवश्यक रहेको सुनाउनुभयो । श्रमिक अधिकारकर्मी कृष्णा थारुले श्रमिक र पर्यावरण अन्तरसम्बन्धित विषय भएकाले यी दुवै क्षेत्रमा सन्तुलन मिलाएर सरकारले कार्ययोजना तय गर्नुपर्ने धारणा राख्नुभयो ।



राराको सेरी बजार

जुम्लाको तिला गाउँपालिका-१ मा अवस्थित राराको सेरी बजार । *तस्बिर: विजय रावत/रासस*

# कामपाद्वारा शिक्षण अस्पताललाई उपकरण प्रदान

काठमाडौं, २१ जेठ । काठमाडौं महानगरपालिकाले टिचिङ अस्पताल महाराजगञ्जको बहिरङ्ग (ओपीडी) सेवालाई बिरामीमैत्री बनाउन रु. एक करोड ७० लाख बराबरका प्रविधि, साधन तथा उपकरण हस्तान्तरण गरेको छ । बिहीबार अस्पतालमा आयोजना गरिएको एक कार्यक्रममा कामपाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले अस्पतालका प्रमुख प्रा. डा. सुवास आचार्यलाई ती उपकरण हस्तान्तरण गर्नुभएको हो ।

यसरी प्रदान गरिएका प्रविधि, साधन तथा उपकरणहरूमा शुल्क भुक्तानी गर्न सकिने, जाँचसम्बन्धी परीक्षण रिपोर्ट बिरामी आफैँले प्रिन्ट गर्न सक्ने, उपचारका लागि घरबाट पैसा भुक्तानी गर्न सकिने सुविधा भएका १६ वटा 'इन्ट्याक्टिभ किओस्क मेसिन', रिपोर्ट तथा परीक्षणलगायत उपचारसँग सम्बन्धित सबै विवरण एकै ठाउँमा हेर्न सकिने ६५ वटा 'अल इन वन डेक्सटप' रहेका कामपाले जनाएको छ ।

साथै प्रभावकारी र शीघ्र सेवाका लागि सर्भर र ऱ्यामको क्षमता वृद्धि गरिएको छ । कार्यक्रममा प्रमुख डङ्गोलले सरकारी अस्पतालमा उपचार गराउन घण्टौँसम्म लाइन बसिरहनुपर्ने, पैसा तिर्न लामो लाइनमा बसेर समय खर्च गर्नुपर्ने अवस्था अन्त्य गरेर नागरिकलाई सहज स्वास्थ्य सेवाको पहुँच बढाउन अस्पताललाई सहयोग गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले उपलब्ध गराएको सहयोगबाट सर्वसाधारणलाई सेवा लिन सहज हुनेछ । यसकारण अस्पतालसँगको सहकार्यलाई हामीले विशेष मानेका छौँ । हामीले आजको दिनलाई विशेष ठानेका छौँ ।"

कामपाको संस्थागत जगको विषयमा प्रमुख डङ्गोलले सहर सफा गर्ने दायित्व दिएर स्थापना गरिएको अड्डा अहिले पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा, वातावरण, आर्थिक तथा सामाजिक विकास, सम्पदा तथा पर्यटनसहित नागरिकसँग जोडिएका सबै सेवा प्रदान गर्ने स्थानमा पुगेको जनाउँदै अस्पतालसँगको सहकार्यमा 'टेली सर्भिस' सञ्चालन गर्न सकिने बताउनुभयो ।

अस्पतालका प्रमुख प्रा.डा. आचार्यले प्राप्त प्रविधि, जडान गरिएका साधन तथा उपकरणको प्रयोगका विषयमा प्रस्तुतीकरण गर्दै बिरामीमैत्री सेवा व्यवस्थापनमा कामपाले उपलब्ध गराएको सहयोगले रुपान्तरण गर्न सम्भव भएको उल्लेख गर्नुभयो । "पहिलो चरणको सहयोगबाट महसुस गर्न सकिने सेवा दिन छौँ । दोस्रो चरणमा पनि सहयोग हुने अपेक्षा गरेका छौँ । यसपछि अस्पतालबाट प्रदान गरिने क्यान्सर उपचारका अधिकांश सेवालाई पेपरलेस र फेसलेस बनाउन सकिन्छ ।"

कामपाले स्वास्थ्य प्रवर्द्धन केन्द्रहरूबाट प्रवाह हुने विशेषज्ञ स्वास्थ्य सेवाका लागि अस्पतालसँग थप सहकार्यको योजना रहेको स्वास्थ्य विभागका प्रमुख दीपककुमार केसीले जानकारी दिनुभयो । "अस्पतालको सेवा व्यवस्थापनमा कामपाको हक लाग्ने गरी सहयोग प्रदान गरेका छौँ । यसबाट कामपालाई लाभ हुनेछ ।"

यसअघि कामपाले कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि 'भेन्टिलेटर मेसिन', त्यसपछि 'सिटी स्क्यान मेसिन', अस्पतालको 'वेड क्यु सिस्टम' व्यवस्थापन प्रणालीलगायत सहयोग सामग्री उपलब्ध गराइसकिएको कामपाको भनाइ छ ।

# चिकित्सक लाइसेन्स परीक्षामा स्वदेशी कलेज अग्रस्थानमा

काठमाडौं, २१ जेठ । यसवर्ष नेपाल मेडिकल काउन्सिल (एनएमसी) ले सार्वजनिक गरेको लाइसेन्स) परीक्षाको नतिजामा ६६ दशमलव ९५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

नेपाल मेडिकल काउन्सिल (एनएमसी) ले सार्वजनिक गरेको चिकित्सक दर्ता प्रमाणपत्र (लाइसेन्स) परीक्षा जेठ १२ देखि १५ गतेसम्म सञ्चालन गरिएको थियो । ६९ औं चिकित्सक लाइसेन्स परीक्षामा यसवर्ष दुई हजार २६३ परीक्षार्थी परीक्षामा सामेल भएकामध्ये एक हजार ५१५ जना मात्र उत्तीर्ण भएका हुन् । नेपाल मेडिकल काउन्सिलले नेपाली मेडिकल कलेजबाट अध्ययन गरेका विद्यार्थीको उत्तीर्ण दर उल्लेखनीय भएको जनाएको छ । विदेशबाट अध्ययन गरी फर्किएका अधिकांश परीक्षार्थी अनुत्तीर्ण भएको काउन्सिलका निमित्त रजिस्ट्रार डा. दीपेन्द्र पाण्डेले बताउनुभयो ।

एमबीबीएसतर्फ नेपालका मेडिकल कलेजबाट सहभागी एक हजार २५४ परीक्षार्थीमध्ये ९६३ जना अर्थात् ७६ दशमलव ७९ प्रतिशत उत्तीर्ण भएका छन् ।

विदेशमा अध्ययन गरी आएका १३३ मध्ये २० जना अर्थात् १५ दशमलव ०४ प्रतिशत बङ्गलादेशबाट अध्ययन गरेका ३६७ जनामध्ये १५१ जना अर्थात् ४१ दशमलव १४ प्रतिशत, भारतबाट एमबीबीएस अध्ययन गरेका परीक्षार्थीको उत्तीर्ण प्रतिशत ४२ दशमलव ३१ छ भने फिलिपिन्सबाट अध्ययन गरेका परीक्षार्थीमध्ये २८ दशमलव ५७ प्रतिशत सफल भएका छन् ।

इजिप्ट, किर्गिस्तान, रुस तथा युक्रेनबाट अध्ययन गरी आएका परीक्षार्थीमध्ये यसपटक कोही उत्तीर्ण हुन सकेनन् । बीडीएसतर्फ स्वदेशी कलेजकै नतिजा उत्कृष्ट देखिएको छ । नेपालका कलेजबाट सहभागी ४०० परीक्षार्थीमध्ये ३४३ जना अर्थात् ८५ दशमलव ७५ प्रतिशत उत्तीर्ण भएका छन् । भारतबाट बिडिएस अध्ययन गरी आएका १७ मध्ये एक जना मात्रै सफल भएका छन् ।

नतिजाअनुसार एमबीबीएसतर्फ चितवन मेडिकल कलेज ९३ दशमलव १० प्रतिशत नतिजासहित उत्कृष्ट बनेको छ भने बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका ९२ दशमलव २१ प्रतिशत तथा नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानका ९१ दशमलव ६७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । बिडिएसतर्फ गण्डकी मेडिकल कलेजका शतप्रतिशत विद्यार्थी सफल भएका छन् ।

विदेशबाट अध्ययन गरी आएका परीक्षार्थीको नतिजा कमजोर आउनुको मुख्य कारण भाषागत अवरोध तथा पाठ्यक्रमको भिन्नता रहेको काउन्सिलका निमित्त रजिस्ट्रार डा. पाण्डेले बताउनुभयो ।

# वर्षौंदेखि अलपत्र १५ सडकका ठेक्का तोडियो

दोधारा चाँदनी (कञ्चनपुर), २१ जेठ । निर्माण कार्य अलपत्र पारिएका कञ्चनपुरका १५ वटा सडक आयोजनाका ठेक्का तोडिएको छ । पूर्वाधार विकास कार्यालयले निर्माण व्यवसायी र पूर्वाधार विकास कार्यालयबिच भएको सम्झौताअनुसार ठेक्का सम्पन्न गरिसक्नुपर्नेमा थप म्यादसमेत समाप्त भइसक्दा पनि काम सम्पन्न नभएपछि ती आयोजनाका ठेक्का तोडेको हो ।

पूर्वाधार विकास कार्यालय कञ्चनपुरका सूचना अधिकारी लक्ष्मणराज जोशीका अनुसार काम नगरी ठेक्का अलपत्र पार्ने निर्माण कम्पनीको ठेक्का तोडिएको छ । "कार्यालयसँग सम्झौता गरेर समयमै काम नगर्ने २५ वटा ठेक्का तोड्ने प्रक्रिया सुरु गरेका थियौँ", उहाँले भन्नुभयो, "दश वटाले अहिले धमाधम काम गरिरहेका छन् असार मसान्तमा काम सम्पन्न नगरिए ती ठेक्का अन्त्य गरिनेछ ।"

कार्यालयका अनुसार आव २०७८/७९ देखि सुरु भएका धेरैजसो सडक आयोजनामा प्रगति न्यून देखिएपछि यस्तो कदम चालिएको हो । ठेक्का लिएका निर्माण व्यवसायीले काममा ढिलासुस्ती गर्दै आएपछि स्थानीयवासीले चर्को गुनासो गर्दै आएका थिए । केही सडकमा त प्रारम्भिक काम सम्पन्न नगरी वर्षौंदेखि अलपत्र छाडिएको अवस्था छ ।

कार्यालयका अनुसार एसएन निर्माणका चार, नागार्जुनको चार, राधाभानुका दुई, गणपतिका चार तथा आरपी कन्स्ट्रक्सनको एक वटा ठेक्का तोडिएको हो । ठेक्का रद्द गरिएका निर्माण व्यसायीबाट सार्वजनिक खरिद नियमावली, ०६४ को नियम १४१ र ठेक्का सम्झौताको प्रावधानबमोजिम कालोसूचीमा राख्न सिफारिस गरिने र ठेक्का सम्झौताको प्रावधानबमोजिम कार्य सम्पादन जमानत, धरौटीबापतको रकम पेस्की जफत गरिने कार्यालयले जनाएको छ ।

कार्यालयले ठेक्का सम्झौता तोड्दै १५ दिनभित्र निर्माण व्यवसायीलाई वित्तीय फरफारक गर्न समय दिएको छ । ठेक्का तोडिने सूचीमा ग्रामीण भेगका अधिकांश सडक परेका छन् । यी सडक नबन्दा स्थानीय बासिन्दाले दैनिक आवतजावत, कृषिउपज ढुवानी तथा आधारभूत सेवा लिन कठिनाइ भोग्दै आएका छन् । वर्षायाममा हिलाम्मे र हिउँदमा धुलाम्मे सडकका कारण जोखिम बढेको छ ।

# श्रम बजारमा ज्याला ठगी संरचनागत समस्या

काठमाडौं, २१ जेठ । नेपालको अनौपचारिक श्रम बजारमा ज्याला ठगी संरचनागत समस्या रहेको एक अध्ययन प्रतिवेदनले पुष्टि गरेको छ ।

काठमाडौंमा बिहीबार एक्सनएडले सार्वजनिक गरेको प्रतिवेदनमा १३ जिल्लाका ३६१ प्रतिवेदनमा ६६ दशमलव २ प्रतिशतले ज्याला नै नपाएको र ७३ दशमलव ४ प्रतिशत श्रमिकले आंशिक ज्याला प्राप्त गरेको उल्लेख छ । तेन्ह जिल्लाका ३६१ जना श्रमिकबिच सर्वेक्षण गर्दा ९३ दशमलव १, लिखित सम्झौता नभएको, ८९ दशमलव २, औपचारिक उजुरी नपरेको, २४ दशमलव ९, ढिलो भुक्तानी पाएका छन् भने १८ दशमलव ० प्रतिशतले सहमत दरभन्दा कम ज्याला पाएका छन् ।

पुरुषका तुलनामा महिलाले ३१ दशमलव १ प्रतिशतले कम ज्याला पाउने अवस्था प्रतिवेदनले देखाएको छ । असमान ज्यालाको समस्याबाट पुरुषको तुलनामा महिला श्रमिकले ३ दशमलव ५ गुणाबढी प्रभावित हुनुपरेको छ । ठेकेदार, प्रमुख रोजगारदाता र उच्च शोषणको केन्द्र हुने गरेको अध्ययन प्रतिवेदनको निष्कर्ष छ । ५७ दशमलव ३ प्रतिशत श्रमिकले ठेकेदारमार्फत ज्याला प्राप्त गर्ने, ठेकेदारमार्फत काम गर्ने श्रमिकमा लिखित सम्झौता दर ६ दशमलव ९ मात्रै रहेको र बिचौलियामार्फत जोडिएका श्रमिकमा लिखित सम्झौता दर शून्य रहेको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनमाथि टिप्पणी गर्दै नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) का उपमहासचिव नरनाथ लुइँटेलले अनौपचारिक श्रमिक क्षेत्रमा ज्यालामा ठगी गरिएको बताउनुभयो ।

एक्सनएड अन्तर्राष्ट्रिय नेपालका कार्यक्रम, नीति तथा व्यवसाय विकास, प्रमुख सरोज पोखरेलले अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकले पर्याप्त ठगीको प्रमाण जुटाउनसक्ने स्थिति नभएकाले न्याय पाउन चुनौती थपिएको राय व्यक्त गर्नुभयो ।

# घरायसी विवादमा श्रीमतीको हत्या

भक्तपुर, २१ जेठ । भक्तपुर नगरपालिका-१० छालिङमा भाडाको घरमा बस्दै आएका एक युवकले घरायसी विवादमा आफ्नी श्रीमतीको हत्या गरेका छन् ।

प्रहरी परिसर भक्तपुरका प्रहरी नायव उपरीक्षक प्रकाश जवेगुका अनुसार शङ्खरापुर नगरपालिका-६ नाङ्लेभारेका विदुर विश्वकर्माले घरायसी विवादमा आफ्नी ३३ वर्षीया श्रीमती सलिनालाई खुकुरी प्रहार गरी हत्या गरेका हुन् । आक्रमणमा उनका आठ वर्षका छोरा त्रिशल घाइते भएका छन् ।

उक्त घटना गएरातिको हो । हत्या अभियोगमा विश्वकर्मालाई पक्राउ गरिएको छ ।

। सम्पादकीय ।

# नयाँ सरकारसँग भारतको के सहकार्य हुने ?

दल ठुलो हुनु नै सच्चाइको नापो होइन । दल ठुलो हुँदैमा त्यो दलको सिद्धान्त र विचार ठीक हुन्छ भन्ने कुरा पनि होइन । ठुलो दलले समग्र देश र जनताको सेवा गर्नुपर्ने हो । तर, ठुलो दलले नै देशविरोधी र जनघाती काम गरेको विगतको लामो इतिहास छ । ठुलो दललाई नै सच्चाइको आधार मान्ने हो भने हिजोको ठुलो दल नेका र एमाले आज दोस्रो र तेस्रो दलमा झरेका छन् । हिजोको सानो दल रास्वपा अहिले ठुलो दल बनेको छ । ठुलो दल बनुञ्जेल सही हुने र त्यसपछि गलत हुने मान्यतालाई सही भन्न मिल्दैन । के आज नेका र एमालेको सिद्धान्त र विचार गलत भयो भन्ने हो ? आज ठुलो दल बनेको रास्वपा पनि भोलि सानो दलमा झर्न सक्छ । हरेक दलको निश्चित सिद्धान्त र विचार हुन्छ । सिद्धान्त र विचार दल ठुलो भए पनि सानो भए पनि एउटै हुन्छ । यसकारण, ठुलो दल बन्दा दलको सिद्धान्त र विचार ठीक हुने र सानो हुँदा गलत हुन्छ भन्ने कुरा गलत हो; भ्रम हो ।

अहिले ठुलो दल रास्वपाको नेतृत्वमा सरकार छ । भारतद्वारा मिचिएको नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा फिर्ता लिन सरकारसँग माग गर्दा रास्वपाको नेतृत्वमा बनेको सरकार प्रमुख या प्रधानमन्त्री बालेन्द्र साहले नेपालले पनि भारतीय भूमि मिचेको स्पष्टीकरण दिए । मिचिएको भूमि फिर्ता माग गर्दा नेपालले पनि भारतीय भूमि मिचेको कुरा फुक्नु देशविरोधी कुरा हो । देशविरोधी कुरा फुक्नु के ठुलो दलको जिम्मेवारी हो ? देशलाई पराधीन बनाउने, विदेशी शक्ति राष्ट्रको तालमा डम्फु बजाउने र देशको भूमि मिचे पनि मौन बस्ने या प्रतिकार नगर्ने दल पनि ठुलो नै हो । विदेशी शक्ति राष्ट्रको अधीनमा बस्ने र मिचिएको नेपाली भूमि फिर्ता लिन पहल नगर्ने दल पनि ठुलो दल नै हो ।

नेपाली भूमि मिच्ने, देशघाती असमान सन्धि सम्झौता गर्ने, अन्तर्राष्ट्रिय मूल्य र मान्यताविपरीत नेपाल-भारत सीमामा बाँध तथा तटबन्ध बनाउने काम भारतीय पक्षले नै गरेको हो । भारतद्वारा गरिएको थिचोमिचो, अतिक्रमण, दबाबले भारत छिमेकी देश भए पनि सच्चा मित्र देश नभएको व्यवहार या घटनाक्रमले देखाइसकेको हो ।

रास्वपाका सभापति रवि लामिछाने र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको बुधबार भएको भेटवार्तामा दुई देशबिचको विशिष्ट एवम् बहुआयामिक सम्बन्धलाई थप उचाइमा पुऱ्याउन नयाँ सरकारसँग के सहकार्य हुने हो ? प्रस्ट छैन । नेपालको प्राथमिकतामा सहयोग गर्ने भारतको प्रतिबद्धता के हो ? परिवर्तित राजनीतिक परिस्थितिमा नेपाल-भारत सम्बन्धलाई के नयाँ दिशा दिन दुई नेताबिच सहमति भएका हुन् ? त्यो पनि स्पष्ट छैन । देशलाई दूरगामी असर हुने कुनै पनि नयाँ सम्भावनाको ढोका खोल्ने अपेक्षा नेपाल र नेपाली जनताले आत्मसात गर्ने छैनन् । देशविरोधी र जनविरोधी सर्तमा हुने खेलकुद, सूचना प्रविधि, जलविद्युत्, कृषि, पर्यटनजस्ता क्षेत्रमा अघि बढ्ने मान्यता कुनै हालतमा स्वीकार्य हुनेछैन । लिम्पियाधुरा, लिपुलेक, सुस्ता र कालापानी उहिलेदेखिको समस्या हो । तर, पनि अहिलेसम्म किन हल हुन सकेन ? सीमाका समस्या सुल्झिन केही वर्ष लाग्न सक्छ भनेर नेपाल र नेपालीले कहिलेसम्म सहेर बस्ने ? सीमा विवादलाई कहिलेसम्म तन्काइराख्ने ? सीमा विवाद सुल्झाउने सन्दर्भमा नेपाल सरकारलाई वास्ता नभएरै यो समस्या अल्झिरहेको हो । यसको निकास कहिले खोज्ने ? के ठुलो दलको काम सरकारको नेतृत्व गर्नु मात्र हो ?

# नेपाली लेण्डुप भन्छन्, “नेपालले भारतको सीमा मिच्यो”

● प्रज्ज्वल

रास्वपा सरकार प्रमुखले २०८३ जेठ १७ गते प्रतिनिधिसभामा भने, “नेपालले पनि भारतको सीमा मिचेको आफूले प्रधानमन्त्री भएपछि थाहा पाएँ ।”

२०८३ भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरिझैँ आगजनी भएपछि तत्कालीन प्रधानमन्त्री एमालेका केपी ओली राजीनामा दिएर निस्के । नेकाका रामचन्द्र पौडेलले भदौ २७ गते सेनाको मध्यस्थतामा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई निर्वाचन सरकारको प्रधानमन्त्री नियुक्ति गरे भने प्रधानमन्त्री कार्कीको सिफारिसमा प्रतिनिधिसभा विघटन तथा फागुन २१ गतेको लागि निर्वाचन मिति तोके । देश जलिरहेको बेला प्रम ओली राजीनामा दिएर भाग्न मिल्छ ? मिल्दैन । राष्ट्रपति पौडेलले भएको संसद्सँग सल्लाह नगरी नयाँ प्रम नियुक्ति र प्रतिनिधिसभा विघटन गर्न मिल्छ ? मिल्दैन ।

फागुन २१ गते निर्वाचन त भयो तर निष्पक्ष र धाँधलीरहित भएन । वरिष्ठ पत्रकार एवम् विश्लेषक अनिल गिरीले माउन्टेन टेलिभिजनमा प्रश्न उठाए, “एक लाख सेनामध्ये ८० हजार सेना परिचालन गरी बालेन साहलाई प्रधानमन्त्री बनाउने सेनापतिले भदौ २४ गते सिंहदरबार जलिरहँदा निभाउन किन गएन ?” पूर्वसैनिक अधिकारी महेन्द्रजङ्ग शाहीले केही सेनापतिहरूको नागरिकता र शैक्षिक प्रमाणपत्रसमेत छानबिन हुनुपर्ने विषय सार्वजनिक गरिसकेको हुँदा यसको जवाफदेही को को हुने ?

सेना देशको सार्वभौमिकता रक्षाको कवच नै हो । सेना कुनै पार्टीलाई चुनावमा जिताउन र कुनै नेतालाई प्रधानमन्त्री बनाउन लाग्नु के उचित हो ? निश्चय पनि होइन ।

२०७९ सालयता प्रतिनिधिसभामा पुगेका रास्वपाका सांसदहरूले ल्याटिन अमेरिकामा ‘मुनरो डक्ट्रिन’ लागु गरे भने दक्षिण एसियामा ‘मोदी डक्ट्रिन’ लागु हुने वकालत गरेका थिए । २०८२ चैत १३ गते गठन भएको रास्वपा सरकार प्रमुखले संसद्को पहिलो अधिवेशनमा मुख खोलेनन् । दोस्रो अधिवेशन सुरु भएको झन्डै दुई महिनापछि प्रतिनिधिसभामा बोल्यो । सरकार प्रमुखले देशविरोधी विषय किन उठाए ?

देशविरोधी विषय बोल्न सरकार प्रमुखलाई कसले सघायो ? भदौ २३ र २४ गतेको उपद्रवसँग जोडेका संरा अमेरिकी आर्थिक सहयोग संस्थाहरू National Indowment For Democracy (NED), International Republican Institute (IRI), American Chamber of Commerce, American Youth Council, Tibetan Original Blood, Student For Tibet लगायतसँग रास्वपाको के कस्तो साठगाँठ छ ? यसको छानबिन हुनु नाजायज नहोला ।

नेपालको अन्तर्राष्ट्रिय सिमानाबारे अध्ययन गर्दै लेख-रचना र पुस्तकसमेत लेखेकाहरू - बुद्धिनारायण श्रेष्ठ, पीताम्बर शर्मा, नरेन्द्रप्रसाद खनाल, जगतप्रसाद भुसाल, द्वारिकानाथ ढुंगेल, प्रभाकर शर्माको संयुक्त अपिलमा उल्लेख भयो, “आजसम्म नेपालले भारतको सीमा मिचेको भन्ने विषय कुनै आधिकारीक निकायबाट सार्वजनिक रूपमा सुनिएको छैन ।” तर, बुद्धिनारायण श्रेष्ठले महाकाली नदीको मुहान लिम्पियाधुरा भएको बोल्न नसकेको र कालापानीतिर देखाएकोमा विरोध पनि भएको थियो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले दुई-चार वर्षमा कुनै पनि पार्टी र नेता परिपक्व हुन नसक्ने स्पष्ट पार्नुभएको थियो । रास्वपा र तिनका नेताहरूको देशविरोधी अभिव्यक्तिले अध्यक्ष बिजुक्छेँको भनाइलाई थप पुष्टि गऱ्यो ।

आजको सङ्कटको जिम्मेवारी आफूलाई पढे लेखेका दाबी गरी रास्वपालाई मत हाल्ने र अरुलाई समेत मत हाल्न लगाउने लेखक, कवि, कलाकार, पत्रकार, डाक्टर, इन्जिनियर, शिक्षक, कर्मचारी, प्राध्यापकहरूले किन लिनु नपर्ने ? विदेशी सरकार र संस्थाबाट पैसा पाएका नेपालका गैरसरकारी संस्थामा काम गर्ने र रास्वपालाई मत हाल्ने ‘बुद्धिजीवी’ हरू पनि आजको स्थितिको जिम्मेवार किन होइनन् ?

यी तथाकथित बुद्धिजीवीहरूले भदौ २३ गते भएको निहत्था जनताको हत्या र भदौ २४ गते देशभरिझैँ आगजनीमा संलग्नहरूलाई जेलमा पठाउने तथा फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवार हुन नदिने विषय किन उठाएनन् ? सुरक्षा निकाय र निजामती कर्मचारीहरूसमेत एकतर्फी रास्वपाको पक्षमा किन लागे ?

के रास्वपा सरकारले बजेट वक्तव्यमा समानुपातिक मतअनुसार राजनीतिक दलहरूलाई राज्यकोषबाट अनुदान दिने उल्लेख गर्नु निर्वाचनमा जनताको अभिमत हो ? यस्तो बन्दोबस्त गर्नु नीतिगत भ्रष्टाचार किन होइन ? के राजनीतिमा उमेरको पुस्तान्तरण देश बेच्ने अनुमतिपत्र हो ?

राजनीतिमा विचार (चेतना) को पुस्तान्तरण हुनु आवश्यक छ । सार्वजनिक संस्थानहरू व्यक्तिलाई बेच्ने, युवालाई वैदेशिक रोजगारीमा पठाउने, चुरे दोहन गराएर देश मरुभूमि बनाउने, विदेशी ऋण ल्याएर देशलाई नवउपनिवेश बनाउनेहरूको सरकार उमेरले नयाँ पुस्ता भए पनि विचारले देशद्रोही नै हो । यिनीहरूबाट देश र जनताको हित नहुनेतर्फ नेपाली जनता सचेत हुनु जरुरी छ ।

‘नेपालले भारतको सीमा मिच्यो’ भन्नेहरू नयाँ लेण्डुप किन होइनन् ? रास्वपा सरकारले नेपालको लिम्पियाधुरा महाकाली नदीको उद्गम क्षेत्र भएको यथार्थ किन बोल्न सकेन ? लेण्डुपले सन् १९७५ मा संसद्मा अत्यधिक बहुमत प्राप्त गरी सिक्किम भारतमा विलय गराएका थिए । के रास्वपा सरकार नेपाली लेण्डुप बन्नेतर्फ उन्मुख हो ? रास्वपालाई मत दिनेहरू यसको जिम्मेवार किन होइनन् ?

रास्वपा सरकारले देशविरोधी शब्द बोलेको भोलिपल्ट जेठ १८ गते रास्वपा सभापति लामिछाने भारत भ्रमणमा गए । पहिलो पटक आफ्नो उपप्रधानमन्त्रीसहित सांसद पद खुस्केको बेला रास्वपा सभापति लामिछाने चार घण्टा पत्रकार सम्मेलन गरी भारतीय प्रम मोदीलाई हिन्दी भाषामा पुकार्दै भनेका थिए, “मोदीजी म सिधै तपाईंसँग कुरा गर्न चाहन्छु ।” के नेपालमा सरकारहरू भारतकै आशीर्वादमा बन्ने र टिक्ने रास्वपाले पुन: एक पटक पुष्टि गरेको हो ? के रास्वपालाई दिल्लीले अब असमान सन्धिमा सही गराउँदै छ ?

रास्वपा सरकार प्रमुखको देशविरोधी अभिव्यक्तिसँगै भारतीय सशस्त्र प्रहरी बल (SSB) ले नेपालको सुस्ता गाउँपालिका वडा नं. ५ मा तटबन्ध निर्माण रोक्न पुगेको सार्वजनिक भयो ।

भारतीय विस्तारवाद र एकाधिकार पुँजीले नेपालको सुस्ता अतिक्रमणदेखि पूर्वको पशुपतिनगर सप्तरीको तिलाठी र लालापट्टी, पश्चिमको दोधारा-चाँदनी, लिपुलेक, कालापानी, लिम्पियाधुरासम्म गरेको अतिक्रमणलाई नेपाल मजदुर किसान पार्टीले विरोध गर्दै आएकोबाट यतिबेला नेपाली जनताले प्रेरणा लिनु जरुरी छ ।

# लिम्पियाधुरा अतिक्रमणलाई संस्थागत गर्न भारतद्वारा अघि सारिएको कथित बङ्गलादेशी मोडेल


✍ रतन भण्डारी, सीमा अध्येता

वि.सं. १८७२ (सन् १८१६) को सुगौली सन्धिअघि महाकाली नदीको दुवैतिर पर्ने व्यास उपत्यका पूर्णत: नेपाली भूभाग थियो । इस्ट इन्डिया कम्पनीसँगको १८१४-१८१६ को लडाइँपछि भएको सुगौली सन्धिको धारा ५ ले नेपाल र भारतबिचको सिमाना लिम्पियाधुराबाट आउने काली ( महाकाली) नदी निर्धारण गर्यो । त्यसपछि नेपालको एकलौटी भूमि व्यास उपत्यका नेपाल र भारत दुईतिर बाँडियो । ब्यास उपत्यकामा रहेका १२ ओटा गाउँहरूमध्ये महाकालीवारिका ६ गाउँ (कुटी, नाभी, गुन्जी, छाँग्रु, ऋषिगाउँ र टिङ्कर) नेपालतिर परे । महाकाली पारिका बाँकी ६ गाउँ (नेपल्चू, गर्ब्याङ, बुँदीलगायत) भारततिर परे ।

सुगौली सन्धिद्वारा विभाजित लिम्पियाधुरा पूर्वका नेपाली गाउँ कुटी, नाभी, गुन्जीबारे सुरुमा कुनै विवाद थिएन । त्यसमा पनि इस्ट इन्डिया कम्पनीले सुगौली सन्धिदेखि सन् १८५६ सम्म नक्सा प्रकाशित गर्दै लिम्पियाधुराबाट निस्किने नदीलाई काली (महाकाली) भनेर प्रस्ट रूपमा उल्लेख गर्दै आयो । लिम्पियाधुरादेखि पूर्वको सम्पूर्ण भूभाग नेपालको देखाउँदै आयो ।

सन् १८१६, सन् १८१९, सन् १८२६, सन् १८२७, सन् १८३४, सन् १८३५, सन् १८३७, सन् १८४१, सन् १८४६, सन् १८५०, सन् १८५६ मा इस्ट इन्डिया कम्पनी, ब्रिटिस इन्डियालगायत अरुले समेत प्रकाशित गरेका सम्पूर्ण नक्साहरूमा काली ( महाकाली) नदीको मुहान प्रस्टरूपमा लिम्पियाधुरा उल्लेख गरिएको छ ।

त्यसबिचमा इस्ट इन्डिया कम्पनीले लिम्पियाधुरा पूर्वका नेपाली गाउँ कुटी, नाभी, गुन्जी, छाँग्रु र टिङ्करका बासिन्दाले तिरोभरो सबै नेपाल सरकारलाई तिर्दै आए । त्यो क्रम राणा प्रधानमन्त्री चन्द्रशमशेरका पालासम्म जारी रह्यो । त्यसैले, महाकालीवारि लिम्पियाधुरासम्मको भूभाग नेपालको रहेको तथ्य निर्विवाद थियो र छ । तर, जब सन् १८५७ मा उत्तरी भारतमा सिपाही विद्रोहपछि भारतमा इस्ट इन्डिया कम्पनीमातहतको शासन व्यवस्था ब्रिटिस इन्डियाअन्तर्गत ल्याइयो । त्यसपछि ब्रिटिस इन्डियाले नक्सामार्फत नेपाली भूमिमाथि धावा बोल्यो । अर्थात्, ब्रिटिस-इन्डियाले लिम्पियाधुरा क्षेत्रको नक्सा बिगार्दै काली नदीको मुहान लिम्पियाधुराबाट पूर्व रहेको लिपुलेकलाई देखाउन थाल्यो । लिम्पियाधुराबाट आउने वास्तविक काली (महाकाली) नदीलाई ‘कुटि यङ्क्ति’ र लिपुलेकबाट आउने लिपुखोलालाई ‘काली’ (महाकाली) भन्न थाल्यो । ब्रिटिस इन्डियाको उक्त कदम नेपालमाथि भएको नक्सागत आक्रमण (Cartographic Aggression) थियो । अर्थात्, नक्सा बिगारेर नेपाली भूमिमाथि खुलेआम धावा बोल्यो । त्यसपछिका दिनहरूमा ब्रिटिस इन्डियाले सर्भे अफ इन्डियाबाट जति पनि नक्सा निकाल्यो ती सबैमा लिम्पियाधुराबाट आउने वास्तविक काली (महाकाली) नदीलाई ‘कुटि यङ्क्ति’ र लिपुलेक नाका (Lipulek Pass) देखि थोरै पश्चिम गरिफू (एर्खा) बाट आउने ‘खा यक्ति’ ( लिपुखोला) लाई ‘काली’ (महाकाली) नदी भन्न थाल्यो । ब्रिटिस इन्डियाले नक्सामार्फत लिम्पियाधुरापूर्वको नेपाली भूमिमाथि अतिक्रमणको दुष्प्रयास गरे पनि भौतिक उपस्थिति भने जनाउन सकेन ।




सन् १९४७ अगस्ट १५ (२००४ साउन ३१) का दिन ब्रिटिस उपनिवेशबाट स्वतन्त्र भयो । स्वतन्त्र भारत भने लिम्पयाधुरापूर्वको नेपाली भूमि अतिक्रमणमा भौतिक रूपमै प्रस्तुत भयो । ब्रिटिस इन्डियाले लिम्पियाधुराबाट आउने काली ( महाकाली) नदीको नाम फेर्दै लिपुखोलालाई महाकाली उल्लेख गर्दै नक्सा जारी गरेको अवस्थामा स्वतन्त्र भारतले लिपुलेकभन्दा तलको नेपाली भूमि ‘तिल्सी’ को नाम बदलेर ‘कालापानी’ राख्यो । तिल्सीमा रहेको पानीको मूल थुनेर पोखरीमा बनायो । त्यही नक्कली कालापानीको कृत्रिम पानीको कुवालाई काली (महाकाली) को मुहान भन्न थाल्यो । यसरी स्वतन्त्र भारतले ‘नक्कली कालापानी’ र ‘नक्कली काली’ (महाकाली) को मुहान एकैसाथ जन्मायो । त्यसपछिका दिनदेखि हालसम्म भारतले तिल्सी ( कालापानी) कृत्रिम पानीको कुवालाई कालीको मुहान भन्दै जग हँसाइरहेको छ ।

त्यसबिचमा नेपाल सरकारको नापी विभागले समेत स्थलगत सर्भे, हवाई सर्भे र ऐतिहासिक तथ्यप्रमाणका आधारमा नेपालको नक्सा तयार नगरी भारतको सर्भे अफ इन्डियाको नक्साका आधारमा नेपालको नक्सा बनायो । जुन नक्साहरूमा भारतले मिचेको लिम्पियाधुरासम्मको नेपाली भूमिलाई बाहिर राख्ने घातक काम भयो । नापी विभागको त्यस कार्यमा संलग्न कर्मचारी रिटायर लाइफमा यतिबेला आएर आफूहरूले २०३२ सालमै लिम्पियाधुरा पुग्ने नक्सा बनाउन खोजेका थियौँ । तर, त्यतिबेलाको सरकारले रोक्यो भनेर लेख र पुस्तक निकाल्दै हिँडेका छन् । तीमध्ये एकजना पात्रले २०५७ सालमा पुस्तक लेखेर २०५५ सालको साउनसम्म पनि लण्डन पुगेर नेपालको पुरानो नक्सा नहेर्दासम्म आफू लिपुलेकबाट आउने काली नदी नै वास्तविक काली हो भन्नेमा भए पनि लण्डनमा पुरानो नक्सा हेर्दा अब लिम्पियाधुराबाट आउने नदी काली (महाकाली) हो भन्ने निष्कर्षमा पुगेको भनेर पुस्तकमै उल्लेख गरेका छन् । ती पात्रका उल्लिखित दुईटै विरोधाभासी कुरामा प्रश्न उठेपछि पछिल्लोपटक उनले आफ्नो मदन पुरस्कार प्राप्त नेपालको सिमाना नामक पुस्तकबाट लण्डन पुगेर २०५५ सालमा मात्रै लिम्पियाधुराबाट आउने नदी काली हो भन्ने थाहा भयो । यसभन्दा अघि लिपुलेकबाट आउने नदी नै काली हो भन्नेमा थिएँ भन्ने च्याप्टर नै हटाएका छन् ।

बाँकी पृष्ठ ७ मा

# नाकाबन्दीका बिच क्युवाका स्वास्थ्य चमत्कारहरू

✍ नवप्रित कालरा

गत हप्ता, क्युवाको मोलिक्युलर इम्युनोलोजी केन्द्र (CIM) ले फोक्सोको क्यान्सरको खोप उपचार 'भ्याक्सिरा' (VAXIRA) को विकाससँगै स्वास्थ्य क्षेत्रमा एउटा ठुलो सफलताको घोषणा गऱ्यो । यो एक उल्लेखनीय उपलब्धि हो, जसलाई क्युवाको फोक्सोको क्यान्सरविरुद्धको यो दोस्रो खोप हो भन्ने तथ्यले थप प्रभावशाली बनाएको छ ।

यस खोपले क्यान्सरका कोषिकाहरूसँग लड्न बिरामीको रोग प्रतिरोधात्मक क्षमताको विकास गरी क्यान्सर फैलिनबाट रोक्छ । यसले मानिसको आयु उल्लेख्य रूपमा बढाउने प्रमाणित भइसकेको छ । सन् २०१३ देखि, १,३०० भन्दा बढी बिरामीहरूमा यस खोपको निगरानी, परीक्षण र जाँच गरिएको छ । १० वर्षको अवधिमा, बिरामीहरू औसतमा ७६.६ महिनासम्म बाँच्न सफल भए, जसमा 'भ्याक्सिरा' दिइएका कुल बिरामीमध्ये २० प्रतिशतले अप्रत्याशित रूपमा लामो समयसम्म बाँच्न सफल भए । गत वर्ष क्युवाको स्वास्थ्य सेवामा पुऱ्याएको योगदानको कदर गर्दै भ्याक्सिरालाई क्युवामा 'प्राविधिक नवप्रवर्तन पुरस्कार' प्रदान गरिएको थियो । यो मानव जाति र क्यान्सरविरुद्धको लडाइँका लागि एक अविश्वसनीय सफलता हो र यो सफलता इतिहासकै सबैभन्दा लामो र गम्भीर नाकाबन्दी खेपिरहेको देशले हासिल गरिरहेको छ ।

सन् २०११ मा, क्युवाले 'सिमाभ्याक्स' (CIMAvax) को विकास गरेको थियो, जुन अझै पनि फोक्सोको क्यान्सरका लागि विश्वकै एक मात्र स्वीकृत खोप हो । यस खोपले क्यान्सरका कोषिकाहरूको वृद्धिलाई रोक्न र ट्युमरको फैलावटलाई ढिलो पार्न रोग प्रतिरोधात्मक प्रणालीलाई सक्रिय बनाउने काम गर्छ । यो खोपले विश्वभरका ५,००० भन्दा बढी र क्युवामै अन्य हजारौँ मानिसहरूको उपचार गरिसकेको छ । यस खोपको अत्यधिक महत्त्वलाई ध्यानमा राख्दै संरा अमेरिकाले यसलाई आफ्नो देशमा परीक्षण गर्नका लागि एउटा विशेष सम्झौता गऱ्यो । न्युयोर्कस्थित रोज्वेल पार्क क्यान्सर इन्स्टिच्युटले सन् २०१८ देखि 'CIM' सँग मिलेर क्लिनिकल ट्रायल (क्लिनिकल परीक्षण) सञ्चालन गर्दै आएको छ । उनीहरूले अमेरिकामा सिमाभ्याक्सको पहिलो क्लिनिकल परीक्षण गरेका हुन् । जुन राष्ट्रले क्युवामाथि विनाशकारी नाकाबन्दी थोपरिरहेको छ, त्यही राष्ट्रले स्वास्थ्य क्षेत्रका यी ऐतिहासिक उपलब्धिहरूबाट फाइदा पनि उठाइरहेको छ ।

क्यान्सर उपचारका लागि चिकित्सा क्षेत्रमा भएका यी ठुला विकासहरू क्युवाका एकमात्र विस्मयकारी स्वास्थ्य उपलब्धिहरू भने होइनन् ।

कोभिड-१९ महामारीको समयमा, क्युवाले पाँचवटा खोपहरू उत्पादन गऱ्यो : अब्दाला (Abdala), सोबेराना ०१ (Soberana 01), सोबेराना ०२ (Soberana 02), सोबेराना प्लस (Soberana Plus) र माम्बिसा (Mambisa) । क्युवा पश्चिमी गोलार्द्धमै सबैभन्दा कम कोभिड मृत्युदर भएका देशहरूमध्ये एक थियो । सन् २०२१ सम्ममा, विश्वव्यापी औसत मृत्युदर २.२ प्रतिशत रहेको तुलनामा क्युवाको मृत्युदर मात्र ०.५९ प्रतिशत थियो । यी खोपहरू उत्पादन गर्न विशेष रेफ्रिजरेसनको आवश्यकता पर्दैनथ्यो, जसको अर्थ यिनीहरूलाई सजिलैसँग ओसारपसार गर्न र यस्ता पूर्वाधारहरूमा पहुँच असम्भव भएका विश्वका अन्य स्थानहरूमा पनि वितरण गर्न सकिन्थ्यो । चाँडै नै, भेनेजुयला, इरान, भियतनाम, सेन्ट भिन्सेन्ट एन्ड द ग्रेनाडिन्स र मेक्सिको सबैले आफ्ना नागरिकको सुरक्षाका लागि यो खोप प्रयोग गर्न थाले ।

सन् २०२३ सम्ममा, प्रति १,००,००० मानिसमा खोप लगाउने दरमा क्युवा विश्वमै तेस्रो स्थानमा थियो । अमेरिकाले क्युवालाई आफ्नै जनतालाई खोप लगाउन आवश्यक पर्ने सिरिन्जहरू आयात गर्न प्रतिबन्ध लगाएको तथ्यका बाबजुद क्युवाले यो सफलता हासिल गरेको हो । यसै पृष्ठभूमिमा, क्युवा आफ्ना विद्यालयहरू सुरक्षित रूपमा पुनः सञ्चालन गर्ने प्रयासस्वरूप साना केटाकेटी र बालबालिकाहरूलाई खोप लगाउने विश्वकै पहिलो देश बन्यो ।

अमेरिकाले जस्तै क्युवाले पनि विश्वसामु आफ्ना कोभिड खोपहरू उपलब्ध गरायो । क्युवाले सेन्ट भिन्सेन्ट एन्ड द ग्रेनाडिन्सलाई खोपहरू दान गऱ्यो र अन्य देशहरूलाई सकेसम्म सस्तो मूल्यमा बेच्यो, तर अर्कोतर्फ अमेरिकाले भने खोपहरू उपलब्ध गराउनका लागि विभिन्न देशहरूलाई आफ्ना दूतावासका भवन र सैन्य शिविरजस्ता सम्पत्तिहरू धितो राख्न बाध्य पार्दै धम्क्याउने काम गऱ्यो । यो खोप प्राप्त गर्नेहरूले भविष्यमा खोप उत्पादक कम्पनीविरुद्ध गर्न सक्ने कानुनी कारबाहीबाट कम्पनीलाई 'सुरक्षित' राख्नका लागि गरिएको थियो । यही नाफामूलक मानसिकता नै विश्वभर कोभिड सुरक्षाको वितरणमा देखिएको 'खोप रङ्गभेद' को मुख्य कारण थियो । अगस्त २०२४ सम्मको तथ्याङ्कअनुसार, उच्च आय भएका देशहरूमा प्रति १०० जनामा २२२ भन्दा बढी डोज खोप वितरण गरिएको थियो भने न्यून आय भएका देशहरूमा यो सङ्ख्या ४६ भन्दा कम थियो । सन् २०२१ मा, कोभिड खोप उत्पादन गर्ने अमेरिकी फर्मास्युटिकल कम्पनीहरू (मोडर्ना, फाइजर, जोनसन एन्ड जोनसन) ले ३१ अर्ब डलरजस्तो आँखा तिरमिराउने आम्दानी गरे । महामारीको समयमा कम्पनी र सेयरधनीहरूले पैसा कमाउनुपर्छ भन्ने अवधारणा आफैँमा पूर्ण रूपमा निन्दनीय हुनुपर्ने हो ।

**जैवप्रविधि (Biotechnology)**

क्युवा खोपको क्षेत्रमा भएका अभूतपूर्व विकासहरूमा विश्वको नेतृत्व गर्दछ । तर, यो सब कसरी सम्भव भयो त ? क्युवाले चिकित्सा क्षेत्रमा विश्वकै नेतृत्व गर्ने खालका स्वास्थ्य सफलताहरू हासिल गर्नु कुनै संयोगमात्र होइन । क्युवाले एक विश्वस्तरीय जैवप्रविधि क्षेत्रको विकास गरेको छ जुन सरकारी स्वामित्वमा छ । यसले नाफाका लागि नभई जनताको हितमा काम गर्छ । त्यहाँ खोप उत्पादन गर्नमा कुनै नाफामूलक उद्देश्य हुँदैन; अनुसन्धान र विकास सामूहिक हितका लागि गरिन्छ । वैज्ञानिक विकासको प्रक्रियालाई अझ राम्रो बनाउन स्रोतहरू साझा गरिन्छन् । यो पुँजीवादी देशहरूको स्थितिभन्दा पूर्ण रूपमा विपरीत छ, जहाँ जैवप्रविधि औषधि कम्पनीहरूको प्रभुत्व रहेको एउटा ठुलो प्रतिस्पर्धाको क्षेत्र हो, जो पूर्ण रूपमा नाफाबाट प्रेरित हुन्छन् । यसको परिणामस्वरूप, स्वास्थ्य क्षेत्रमा ठुला विकासहरू हुँदा पनि तिनीहरू सर्वसाधारणको पहुँचमा पुग्न सक्दैनन् ।

सन् १९८१ मा क्युवाले 'बायोलोजिकल रिसर्च सेन्टर' (जैविक अनुसन्धान केन्द्र) स्थापना गऱ्यो । यद्यपि, नाकाबन्दीका कारण उपकरण, सामग्री, अनुसन्धान पत्रिकाहरूमा पहुँच र औषधिहरूको आयात पूर्ण रूपमा रोकिएको थियो । स्थापनाको पहिलो ९ वर्षमा यस केन्द्रले तीनवटा उत्पादनहरू तयार गऱ्यो । सन् १९९० देखि २००० को बिचमा यसले १८ वटा र सन् २००१ देखि २०१० को बिचमा ४० भन्दा बढी उत्पादनहरू तयार गऱ्यो । आज यो सङ्ख्या निरन्तर बढिरहेको छ । यही केन्द्र मौलाएर एक विश्वस्तरीय जैवप्रविधि क्षेत्रका रूपमा विकसित भयो । यसले स्वास्थ्य क्षेत्रमा ठुलठुला सफलताहरू हासिल गरेको छ । क्युवाले 'हेमोफिलस इन्फ्लुएन्जा टाइप बी' (Haemophilus influenzae type B) का लागि कृत्रिम एन्टिजेन (Synthetic Antigen) भएको विश्वकै पहिलो मानव खोप उत्पादन गऱ्यो ।

सन् १९८९ मा देशमा मेनिन्जाइटिस बीको गम्भीर प्रकोप फैलिएका बेला क्युवाले विश्वकै पहिलो 'मेनिन्जाइटिस बी' (Meningitis B) विरुद्धको खोप उत्पादन गऱ्यो । मेनिन्जाइटिस बीबाट जोगाउनका लागि उत्पादन गरिएको यो इतिहासकै पहिलो खोप थियो र यसलाई ल्याटिन अमेरिकाका विभिन्न देशहरूमा नागरिकहरूको सुरक्षाका लागि निर्यात गरिएको थियो । अमेरिकाले भने मेनिन्जाइटिस बीका लागि आफ्नो पहिलो खोपलाई सन् २०१४ मा मात्र स्वीकृति दिएको थियो ।

त्यसको अर्को वर्ष, क्युवाले हेपाटाइटिस बीविरुद्धको खोप उत्पादन गऱ्यो । योसँगै क्युवा हेपाटाइटिस बी खोप उत्पादन गर्ने विश्वका अन्य पाँच देशहरू (फ्रान्स, दक्षिण कोरिया, संयुक्त राज्य अमेरिका, इन्डोनेसिया र बेलायत) को सूचीमा सामेल भयो । अमेरिकी नाकाबन्दीका कारण यो खोप आयात गर्न लगभग असम्भव र अत्यधिक महँगो भएपछि, क्युवाले आफ्नै खोप उत्पादन गऱ्यो र १५ वर्षभन्दा कम अवधिमा देशबाट हेपाटाइटिस बीलाई पूर्ण रूपमा उन्मूलन गऱ्यो ।

सन् २००६ मा, क्युवाले 'हेबरप्रोट-पी' (Heberprot–P) को विकास गऱ्यो, जुन मधुमेहका कारण खुट्टामा हुने घाउ (Diabetic foot ulcers) का बिरामीहरूको खुट्टा काट्नुपर्ने अवस्थालाई ७५ प्रतिशतसम्म कम गर्ने विश्वकै एक मात्र औषधि हो । १० वर्षभित्रै यसको प्रयोग २३ वटा देशहरूमा हुन थाल्यो । यसले खुट्टामा घाउ भएका ४,००,००० भन्दा बढी मानिसहरूको उपचार गरिसकेको छ । सन् २०२४ मा त अमेरिकाले आफ्नै नाकाबन्दीलाई समेत तोड्दै यस औषधिलाई परीक्षण र प्रयोगका लागि स्वीकृति दियो । मधुमेहबाट पीडित अमेरिकीहरू क्युवाविरुद्धको दुष्प्रचार सुन्दै र उनीहरूलाई नै मद्दत गरिरहेका क्युवाली अनुसन्धानकर्ता तथा वैज्ञानिकहरूविरुद्धको युद्धका लागि कर तिर्दै, क्युवाली औषधिबाटै उपचार पाइरहेका छन् भन्ने विचारले नै यो नाकाबन्दी कति अमानवीय छ भन्ने कुरा छर्लङ्ग पार्छ ।

सन् २०१५ सम्ममा, क्युवा आमाबाट बच्चामा एचआईभी र सिफिलिसको सङ्क्रमण सर्ने प्रक्रियालाई पूर्ण रूपमा रोक्ने विश्वकै पहिलो देश बन्यो । क्युवाले आफ्नो समाजवादी मोडलका कारण यो सम्भव बनाएको हो । यही कारणले गर्दा नै अमेरिकाका मुख्यधारका सञ्चारमाध्यमहरूमा यसको प्रशंसा गरिँदैन र यसलाई स्वास्थ्य क्षेत्रको प्रगतिको केन्द्रका रूपमा हेरिँदैन । यो ऐतिहासिक विश्वव्यापी उपलब्धि क्युवाको सर्वसुलभ स्वास्थ्य प्रणालीको परिणामस्वरूप सम्भव भएको हो, जसले मातृ तथा बाल स्वास्थ्य कार्यक्रमहरूलाई एचआईभी र यौनजन्य सङ्क्रमण (STI) को उपचारसँग एकीकृत गरेको छ । सन् २००१ देखि निःशुल्क वितरण गर्दै आएको 'एन्टिरेट्रोभाइरल' (Anti-retroviral) उपचारका कारण क्युवामा एड्स (AIDS) को दर विश्वमै सबैभन्दा कम र अमेरिका महादेशमै सबैभन्दा न्यून रहेको छ । यसको खोप कार्यक्रमले विश्वभर अझै पनि मृत्यु र पीडाको कारण बनिरहेका रोगहरूलाई जरैदेखि उखेलेको छ, जसमा सन् १९७९ मा भ्यागुते रोग (Diphtheria), सन् १९९३ मा दादुरा (Measles), सन् १९९४ मा लहरे खोकी (Whooping cough) र सन् १९९५ मा रुबेला (Rubella) सामेल छन् । क्युवाले रक्तचाप (Blood pressure) नियन्त्रणमा पनि विश्वमै सबैभन्दा उत्कृष्ट सफलता हासिल गरेको छ ।

जुन सिद्धान्तहरूका कारण क्युवाले चिकित्सा क्षेत्रमा विश्वकै नेतृत्व गर्ने खालका अभूतपूर्व सफलताहरू हासिल गऱ्यो, तिनै सिद्धान्तहरू देशबाट रोग उन्मूलन गर्ने क्युवाको सफलतासँग पनि मिल्दाजुल्दा छन् । क्युवाको खोप अभियानको मुख्य उद्देश्य आफ्ना जनताको रक्षा गर्नु हो । सन् १९६२ मा सुरु भएको 'राष्ट्रिय खोप कार्यक्रम' ले कम्तीमा ५,६०,००० बालबालिकाको ज्यान जोगाएको छ, जो यो कार्यक्रम नभएको भए विभिन्न प्राणघातक रोगहरूको सिकार हुने थिए । यो कार्यक्रम चारवटा मुख्य निर्देशिकाबाट प्रेरित छ : खोप वितरणमा समानता; प्राथमिक स्वास्थ्य सेवामा खोपको एकीकरण; समुदायको सक्रिय सहभागिता; निःशुल्क रूपमा खोप उपलब्ध गराउनु । यी मार्गदर्शक सिद्धान्तहरूले कर्पोरेट स्वार्थ वा लोभभन्दा पनि सिङ्गो समाजको स्वास्थ्य कति केन्द्रमा छ भन्ने कुरा प्रस्ट पार्छन् ।

स्वास्थ्य सेवा उपलब्ध गराउने क्युवाको यो दृष्टिकोण त्यहाँको क्रान्तिको वास्तविक स्वरूपको परिचायक हो अर्थात् क्युवाली जनता र विश्वभरका उत्पीडितहरूको सेवा गर्नु । सन् १९५९ को क्रान्तिभन्दा अघि क्युवामा प्रत्येक वर्ष ३०० बालबालिका पोलियोका कारण पक्षघात (प्यारालाइसिस) को सिकार हुन्थे । क्रान्तिकारी सरकारले चालेका पहिलो कदमहरूमध्ये एक क्युवाली समाजका लागि खोप अभियान सुरु गर्नु थियो । सन् १९६२ मा भर्खरै गठन गरिएका क्रान्तिकारी कमिटीका १,००,००० सदस्यहरूलाई परिचालन गरी जनसङ्ख्या जनगणना गर्न र सबै बालबालिकालाई खोप लगाउन पोलियो अभियान सुरु गरियो । केही महिनाभित्रै क्युवाबाट पोलियो पूर्ण रूपमा उन्मूलन भयो र क्युवा यस्तो सफलता हासिल गर्ने विश्वकै पहिलो देशहरूमध्ये एक बन्यो । पोलियो अझै पनि विश्वभर पक्षाघात र मृत्युको एउटा प्रमुख कारण बनेको छ ।

यी स्वास्थ्य उपलब्धिहरूले नयाँ उपचार र ओखतीहरूमा पहुँच, किफायती एवं सुलभ खोप तथा औषधिहरू र स्वास्थ्य सेवाका उदाहरणीय मोडलहरूमार्फत विश्वभरका मानिसहरूलाई ठुलो फाइदा पुऱ्याएका छन् । तर, क्युवाको स्वास्थ्य सेवाको अर्को विस्मयकारी पक्ष भनेको यसको 'अन्तर्राष्ट्रिय ऐक्यबद्धता' हो ।

क्युवाले भेनेजुयलासँगको संयुक्त कार्यक्रम 'अपरेसन मिराकल' (Operation Miracle) मार्फत ४० लाखभन्दा बढी मानिसहरूको आँखाको ज्योति फर्काएको छ । महामारी, कडा सरुवा रोग, प्राकृतिक प्रकोप र अन्य सङ्कटको बेला जहाँ कुनै पनि देशले पाइला टेक्न चाहेनन्, त्यस्ता १६० वटा देशमा क्युवाले चिकित्सा टोलीका रूपमा ६,००,००० भन्दा बढी स्वास्थ्यकर्मीहरू पठाएको छ । क्युवाले 'ग्लोबल साउथ' का डाक्टरहरूलाई अझै पनि निःशुल्क तालिम दिइरहेको छ, ताकि उनीहरू आफ्नै देशमा फर्केर चिकित्सा सेवा गर्न सकून् ।

क्युवाले मानव जातिका लागि यी चमत्कारिक उपलब्धिहरू यस्तो नाकाबन्दी भोग्दै हासिल गरिरहेको छ, जसका कारण क्युवाभरका फार्मेसीहरूमा औषधिको अभाव हुन्छ, अनुसन्धानकर्ताहरूलाई स्वास्थ्य पत्रिकाहरू पढ्नबाट रोकिन्छ र अनुसन्धानलाई सहज एवं द्रुत बनाउन सक्ने उपकरण, स्पेयर पार्ट्स तथा प्रयोगशाला सामग्रीहरूको आयातमा बाधा पुग्छ । अमेरिकी नाकाबन्दीलाई मानवतामाथिकै आक्रमणको रूपमा हेरिनुपर्छ । यो एउटा यस्तो साम्राज्यद्वारा गरिएको विनाशकारी युद्ध र अमानवीय कार्य हो, जसले विश्वभर बम, लडाकु विमान र आक्रमणकारी सैनिकहरू निर्यात गर्छ; त्यो युद्ध त्यस्तो देशविरुद्ध छ, जसले विश्वभर डाक्टरहरू निर्यात गर्छ ।

कुनै समय क्युवामा शिशु मृत्युदर विश्वकै सबैभन्दा कम थियो । तर, सन् २०१९ देखि क्युवामाथि २५० भन्दा बढी थप प्रतिबन्धहरू लगाइएका कारण शिशु मृत्युदर १४८ प्रतिशतले बढेको छ । अनुमान गरिएअनुसार यसले गर्दा १,८०० शिशुहरूले ज्यान गुमाउनुपरेको छ । आफ्नो सार्वभौमसत्ता रक्षा गरेकै कारण एउटा देशलाई समाप्त पार्ने, दण्ड दिने र ध्वस्त पार्ने मनसायले लगाइएको नाकाबन्दीको प्रत्यक्ष भौतिक परिणाम यही हो । यति हुँदाहुँदै पनि, क्युवाको शिशु मृत्युदर अमेरिकाको भन्दा अझै कम छ । अमेरिकाले क्युवामाथि यो नाकाबन्दी यसकारण थोपरेको हो, ताकि उसले क्युवालाई एउटा 'असफल राष्ट्र' साबित गर्ने प्रयास गर्न सकोस् र क्युवाको सर्वसुलभ एवं निःशुल्क स्वास्थ्य प्रणाली 'असफल' भएको दाबी गर्न पाओस्; यी सबै प्रपञ्च उसले गरिब अमेरिकीहरूमाझ मृत्यु, टाट पल्टिने अवस्था र पीडा निम्त्याएर विशुद्ध नाफाका लागि सञ्चालित आफ्नो निकृष्ट स्वास्थ्य प्रणालीलाई जोगाइराख्नका लागि गरिरहेको छ ।

सत्य के हो भने, यस्तो विनाशकारी नाकाबन्दीका बिच पनि क्युवाले आफ्नो क्रान्तिका सिद्धान्तहरू र विश्वलाई अझ राम्रो बनाउने आफ्नो उत्प्रेरणालाई जीवितै राखेको छ ।

जसरी सन् २००३ मा फिडेल क्यास्ट्रोले भनेका थिए, "हाम्रो देशले अन्य देशका जनतामाथि बम बर्साउँदैन, न त सहरहरूमा बमबारी गर्न हजारौँ विमानहरू नै पठाउँछ; हाम्रो देशसँग आणविक हतियार, रासायनिक हतियार वा जैविक हतियारहरू छैनन् । हाम्रो देशका दसौँ हजार वैज्ञानिक र डाक्टरहरूलाई जीवन जोगाउने विचारका साथ शिक्षित गरिएको छ । अन्य मानव जातिको ज्यान लिनका लागि कुनै वैज्ञानिक वा डाक्टरलाई हानिकारक पदार्थ, ब्याक्टेरिया वा भाइरस उत्पादन गर्ने काममा लगाउनु यो अवधारणाको पूर्ण रूपमा विपरीत हुनेछ ।"

स्रोत : जेडनेटवर्क



# प्रजग कोरियाको आणविक कार्यक्रम सक्रिय




सियोल, ४ जून (एपी) । प्रजग कोरियाले आफ्नो आणविक हतियार कार्यक्रमलाई अझ तीव्र बनाउने सङ्केतस्वरूप आणविक बमका लागि आवश्यक इन्धन उत्पादन गर्ने नयाँ संयन्त्र सार्वजनिक गरेको छ । राज्य सञ्चालित सञ्चारमाध्यमले सार्वजनिक गरेका विवरणअनुसार नेता किम जोङ उनले देशको आणविक शक्तिलाई तीव्र गतिमा विस्तार गर्ने लक्ष्य दोहोऱ्याउनुभएको छ ।

प्रजग कोरियाको सरकारी समाचार संस्था केसीएनएका अनुसार नयाँ सुविधामा 'अझ परिष्कृत प्रविधि' प्रयोग गरिएको छ । तर, संयन्त्रको ठ्याक्कै स्थान, यसको उत्पादन क्षमता वा सञ्चालन सुरु भएको मिति खुलाइएको छैन । राज्य सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिरहरूमा हतियार-स्तरको युरेनियम उत्पादनका लागि प्रयोग हुने सेन्ट्रिफ्युजहरूले भरिएको ठूलो हल देखिन्छ, जसले प्रजग कोरियाको आणविक कार्यक्रम निरन्तर विस्तार भइरहेको सङ्केत दिन्छ ।

नयाँ संयन्त्रको सार्वजनिकसँगै किमले पछिल्ला वर्षहरूदेखि अघि बढाउँदै आएको आणविक हतियार कार्यक्रम विस्तार गर्ने नीतिलाई थप स्पष्ट पार्नुभएको छ । उहाँले अमेरिका नेतृत्वको सुरक्षा चुनौती र सैन्य दबाबलाई प्रजग कोरियाले आफ्नो आणविक क्षमता बढाउनुको मुख्य कारणका रूपमा प्रस्तुत गर्दै आउनुभएको छ ।

केसीएनएका अनुसार किमले बुधवार उक्त आणविक केन्द्रको भ्रमण गरी सञ्चालन अवस्था र दीर्घकालीन उत्पादन योजनाबारे जानकारी लिनुभएको थियो । भ्रमणका क्रममा उहाँले देशको आणविक प्रतिरोध क्षमता गुणस्तर र परिमाण दुवै हिसाबले अझ सुदृढ बनाउनुपर्ने आवश्यकता अझ बढ्दै गएको बताउनुभएको थियो ।

समाचार संस्थाले किमको भनाइ उद्धृत गर्दै प्रजग कोरिया 'सबैभन्दा हिंस्रक शत्रुहरू' सँग सामना गरिरहेको उल्लेख गरेको छ । यसलाई व्यापक रूपमा अमेरिका र दक्षिण कोरियातर्फ लक्षित टिप्पणी मानिएको छ । उहाँले बदलिँदो सुरक्षा वातावरण, विभिन्न खतराहरू र अन्तर्राष्ट्रिय सङ्कटलाई पनि आणविक क्षमता विस्तारको औचित्यका रूपमा प्रस्तुत गर्नुभएको छ ।

केसीएनएले प्रजग कोरियाको हतियार-स्तरको आणविक सामग्री उत्पादन क्षमता पाँच वर्षअघिको तुलनामा दोब्बरभन्दा बढी पुगेको दाबी गरेको छ । यद्यपि उक्त दाबी स्वतन्त्र रूपमा पुष्टि हुन सकेको छैन । त्यसैगरी, किम र अन्य वरिष्ठ अधिकारीहरूले देशको आणविक क्षमता उल्लेखनीय रूपमा बढाउने दीर्घकालीन महत्त्वाकाङ्क्षी योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने निर्णय गरेको पनि केसीएनएले जनाएको छ ।

सार्वजनिक गरिएका तस्बिरहरूमा किम चाँदी रङका ट्युब र पाइपहरूले भरिएका सेन्ट्रिफ्युज हलजस्ता संरचनाबिच निरीक्षण गरिरहेको देखिन्छ । अर्को तस्बिरमा उहाँ वरिष्ठ अधिकारीहरूसँग बैठकमा सहभागी देखिनुभएको छ । बैठक कक्षमा राखिएको एउटा अस्पष्ट चित्रमा बमको अग्रभागजस्तो देखिने वस्तु देखिएको थियो, तर त्यो आणविक हतियारको नमुना हो वा होइन भन्ने स्पष्ट हुन सकेको छैन ।

प्रजग कोरियाले सेप्टेम्बर २०२४ मा अर्को गोप्य युरेनियम संवर्धन केन्द्र सार्वजनिक गरेको दुई वर्षभन्दा कम अवधिमा यो नयाँ खुलासा गरेको हो । सन् २०१० मा अमेरिकी आणविक विज्ञहरूलाई योङब्योनस्थित प्रमुख आणविक परिसर अवलोकन गराएपछि यस्ता सुविधाहरू सार्वजनिक रूपमा देखाइएको यो क्रम निरन्तर जारी छ ।

किमले सन् २०२४ मा पनि यस्तै एउटा संवर्धन केन्द्रको भ्रमणका क्रममा देशको आणविक शस्त्रागारलाई 'द्रुत गतिमा' विस्तार गर्न सेन्ट्रिफ्युजहरूको सङ्ख्या बढाउन र अझ उन्नत प्रविधिको विकास गर्न निर्देशन दिनुभएको थियो । यसपटकको घोषणा पनि त्यही रणनीतिक दिशाको निरन्तरता मानिएको छ ।

आणविक हतियार निर्माणका लागि अत्यधिक संवर्धित युरेनियम वा प्लुटोनियम आवश्यक पर्छ । प्रजग कोरियासँग योङब्योन आणविक परिसरमा यी दुवै प्रकारका सामग्री उत्पादन गर्ने क्षमता रहेको मानिन्छ ।

विश्लेषकहरूका अनुसार सन् २०१९ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र किमबिचको उच्चस्तरीय आणविक कूटनीति विफल भएपछि प्रजग कोरिया वार्ताभन्दा आफ्नो आणविक क्षमता विस्तार र आधुनिकीकरणमा बढी केन्द्रित भएको छ । त्यसयता अमेरिकाले वार्ता पुनः सुरु गर्ने प्रयास गरे पनि नेता किमले त्यस्ता प्रस्तावहरू अस्वीकार गर्दै आउनुभएको छ ।

यसैबिच, अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए) का महानिर्देशक राफेल ग्रोसीले अप्रिलमा पत्रकारहरूसँग कुरा गर्दै प्रजग कोरियाका आणविक केन्द्रहरूमा गतिविधि उल्लेखनीय रूपमा बढेको पुष्टि गर्नुभएको थियो । उहाँका अनुसार एजेन्सीले प्रजग कोरियाको आणविक कार्यक्रमसँग सम्बन्धित विभिन्न स्थलहरूमा 'द्रुत वृद्धि' देखिएको तथ्य अवलोकन गरेको छ, जसले प्योङयाङ आफ्नो आणविक कार्यक्रमलाई अझ व्यापक बनाउने दिशामा अघि बढिरहेको सङ्केत गर्दछ ।

# लेबनान–इजरायल युद्धविराम घोषणा

बेरुत, ४ जून (एएफपी) । अमेरिकी नेतृत्वमा वासिङ्टनमा भएको उच्चस्तरीय वार्तापछि इजरायल र लेबनान बुधबार युद्धविराम लागू गर्न सहमत भएका छन् । तर, इरान समर्थित हिजबुल्लाहले गोली आदानप्रदानको 'पूर्ण समाप्ति' बिना कुनै पनि सहमति कार्यान्वयन नहुने स्पष्ट पारेको छ, जसले सम्झौतामाथि अनिश्चितता कायम राखेको छ ।

दुवै पक्षबिच औपचारिक कूटनीतिक सम्बन्ध नभए पनि संयुक्त विज्ञप्तिमा 'पाइलट जोन' स्थापना गर्ने सहमति भएको उल्लेख छ । उक्त क्षेत्रमा लेबनानी सशस्त्र बलले गैर-राज्य सशस्त्र समूहहरूलाई हटाउँदै विशेष नियन्त्रण लिने व्यवस्था रहने बताइएको छ ।

युद्धविरामको घोषणा भए पनि त्यसअघि र पछिसमेत सीमावर्ती क्षेत्रमा झडप र आक्रमणहरू जारी रहेका छन् । हिजबुल्लाहले इजरायली सेनालाई लक्षित आक्रमण गरेको र इजरायली आक्रमणमा दक्षिणी लेबनानमा कम्तीमा १० जनाको मृत्यु भएको दाबी गरिएको छ । सम्झौता सार्वजनिक भएको केही घण्टापछि उत्तरी इजरायलमा 'संदिग्ध हवाई लक्ष्य' देखिएपछि हवाई आक्रमण चेतावनी जारी गरिएको थियो, यद्यपि कुनै हताहत भएको पुष्टि भएको छैन ।

संयुक्त विज्ञप्तिअनुसार युद्धविराम लागू हुन हिजबुल्लाहको गोलीबारी पूर्ण रूपमा रोकिएको हुनुपर्ने र दक्षिणी लेबनानबाट उसका लडाकूहरू हटाइने शर्त पनि समावेश गरिएको छ । वासिङ्टनमा भएको वार्ता लेबनानी र इजरायली प्रतिनिधिहरूबिच प्रत्यक्ष संवादको चौथो चरण भएको जनाइएको छ । संवाद मार्च २ मा सुरु भएको सङ्घर्षपछि अघि बढिरहेको छ । त्यसबेला हिजबुल्लाहले इरानको समर्थनमा इजरायलमाथि आक्रमणहरू पुनः सुरु गरेको थियो ।

दुवै पक्षले आगामी जुन २२ को हप्तामा पुनः वार्ता गर्ने सहमति पनि जनाएका छन्, जसको उद्देश्य व्यापक शान्ति सम्झौतामा पुग्ने बताइएको छ ।

यसैबिच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लेबनानको द्वन्द्व र इरानसँगको सम्बन्धित तनावलाई अलग-अलग रूपमा सम्बोधन गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको छ । तर, तेहरानले यी सबै घटनाहरू आपसमा जोडिएको दाबी गर्दै इरानका विदेशमन्त्री अब्बास अराघचीले बेरुतमा कुनै पनि आक्रमण भएमा युद्ध पुनः पूर्ण रूपमा सुरु हुने चेतावनी दिनुभएको छ ।

इजरायली सेनाले बुधबार लेबनानबाट इजरायली क्षेत्रमा प्रवेश गरेको 'शत्रुतापूर्ण विमान' र दुई प्रोजेक्टाइलहरू रोकेको जनाएको छ । त्यसको जवाफमा हिजबुल्लाहले इजरायली सेनाले युद्धविराम उल्लङ्घन गरेको भन्दै उत्तरी इजरायलमा सैनिक लक्ष्यहरूमा रकेट आक्रमण गरेको दाबी गरेको छ ।

बिहीबार बिहान हिजबुल्लाहले दक्षिणी लेबनानको अल-कान्तारा सहरमा इजरायली सैनिक र सवारी साधनहरूलाई लक्षित गर्दै रकेटहरू प्रहार गरेको र चकिफ क्यासल नजिकैको इजरायली कमान्ड पोस्टमा दुई ड्रोन आक्रमण गरेको जनाएको छ ।

यसअघि युद्ध रोक्ने उद्देश्यले प्रस्ताव गरिएको युद्धविराम अप्रिल १७ मा लागू हुने भनिए पनि दुवै पक्षले एकअर्कामाथि उल्लङ्घनको आरोप लगाउँदै निरन्तर आक्रमण जारी राखेका थिए । हिजबुल्लाहका वरिष्ठ अधिकारी महम्मुद कोमातीले समूहले 'आंशिक युद्धविराम स्वीकार नगर्ने' स्पष्ट पार्नुभएको थियो ।

यसैबिच मानवीय क्षति पनि बढ्दै गएको छ । लेबनानको राज्य सञ्चालित राष्ट्रिय समाचार एजेन्सी (एनएनए) का अनुसार राजधानी बाहिरको मुख्य राजमार्गमा कारलाई लक्षित इजरायली आक्रमण भएको छ । इजरायली सेनाले धेरै गाउँ खाली गर्न चेतावनी दिएपछि दक्षिणी क्षेत्रमा २० भन्दा बढी स्थानमा आक्रमण भएको रिपोर्ट गरिएको छ ।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार टायर सहरनजिक अल-हवास क्षेत्रमा भएको इजरायली आक्रमणमा चार सिरियाली र दुई प्यालेस्टिनी नागरिकको मृत्यु भएको छ । तर, इजरायली सेनाका प्रवक्ताले एएफपीको जेरुसेलम ब्युरोलाई उक्त क्षेत्रमा कुनै आक्रमण भएको जानकारी नभएको प्रतिक्रिया दिए ।

स्वास्थ्य मन्त्रालयले दक्षिणी क्षेत्रमा अन्य आक्रमणहरूमा एम्बुलेन्सलाई पनि लक्षित गरिएको र हिजबुल्लाहसँग आबद्ध अमल आन्दोलनको रिसाला स्काउट्स एसोसिएसनका दुई प्यारामेडिक्स मारिएको जनाएको छ । मन्त्रालयले क्षतिग्रस्त एम्बुलेन्सका तस्बिरहरू सार्वजनिक गर्दै गाडीभित्रका मेडिकल सामग्री सडकभरि छरिएको देखिएको बताएको छ ।

जिब्दिन सहरमा हिजबुल्लाहसँग सम्बन्धित इस्लामिक स्वास्थ्य समितिसँग आबद्ध एम्बुलेन्स टोलीमाथि भएको अर्को आक्रमणमा थप एक प्यारामेडिकको मृत्यु भएको एनएनएले जनाएको छ । द्वन्द्व सुरु भएदेखि हालसम्म कम्तीमा १३० आपतकालीन तथा स्वास्थ्यकर्मीहरूको ज्यान गइसकेको छ ।

लेबनानी सेनाले पनि इजरायली आक्रमणमा एक सैनिकको मृत्यु भएको र छुट्टै घटनामा एक अधिकारी तथा एक सैनिक घाइते भएको जनाएको छ । सेनाले इजरायलले सैनिक, सवारी साधन र सैन्य स्थानहरूलाई योजनाबद्ध रूपमा लक्षित गरेको भन्दै कडा निन्दा गरेको छ ।

# गाजामा इजरायली आक्रमण, आठ जनाको मृत्यु : नागरिक सुरक्षा एजेन्सी

गाजासिटी, ४ जून (एएफपी) । गाजामा भएको इजरायली आक्रमणमा कम्तिमा आठ जनाको मृत्यु भएको प्यालेस्टिनी क्षेत्रका नागरिक सुरक्षा एजेन्सीका प्रवक्तालाई उद्धृत गर्दै एएफपीले जनाएको छ ।

गाजाका आवासीय भवनहरूमा भएको इजरायली हवाई आक्रमणमा सात जना र गाजा सहरको पश्चिममा रहेको अल-साती शरणार्थी शिविरमा भएको आक्रमणमा एक जनाको मृत्यु भएको प्रवक्ता महमुद बासले बताउनुभएको छ ।

गाजा सहरको अल-सिफा अस्पतालमा भएको आक्रमणमा १५ जना घाइते भएकोसमेत उहाँले बताउनुभएको छ ।

गत अक्टोबरदेखि युद्धविराम लागु भए तापनि निरन्तरको इजरायली आक्रमणले गाजापट्टीमा हिंसात्मक गतिविधि बढिरहेको छ भने कैयौँ युद्धविरामका सर्तहरूको अवहेलना गरेको आरोपमा इजरायली सैन्य नियन्त्रणमा छन् ।

इजरायलले युद्धविराम सुरु भएदेखि कम्तिमा ९३६ जनाको ज्यान लिएको गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

पछिल्लो समयमा हमास र इजरायल दुवै पक्षले एक अर्कालाई युद्धविराम उल्लङ्घन गरेको आरोप लगाउँदै आएका छन् ।

युद्धविरामको पहिलो चरणमा इजरायलद्वारा बन्दी बनाइएका प्यालेस्टिनीहरूको बदलामा हमासद्वारा बन्दी बनाइएका अन्तिम इजरायली बन्धकहरूको रिहाइ समावेश थियो ।

युद्धविरामको दोस्रो चरणमा हमासको निःशस्त्रीकरण र इजरायली सेनाको क्रमिक फिर्ती समावेश हुने अपेक्षा गरिएको थियो भने महिनौँदेखि यो प्रक्रियाले प्रभावकारी रूपमा गति लिन सकिरहेको छैन ।

गत हप्ता इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले गाजाको ७० प्रतिशत भूभाग नियन्त्रणमा लिन सेनालाई आदेश दिएको बताउनुभएको थियो ।

गाजामा हमासको सशस्त्र शाखाका प्रमुख मोहम्मद ओदेह गत हप्ताको इजरायली आक्रमणमा मारिएको जनाइएको छ ।

## अफगानिस्तानमा भएको बारुदी सुरुङ विस्फोटमा दुई जना बालबालिकाको मृत्यु

काबुल (अफगानीस्तान), ४ जून (सिन्हवा) । अफगानिस्तानको पूर्वी पक्तिया प्रान्तमा विगतको द्वन्द्वबाट बाँकी रहेको बारुदी सुरुङ (अप्रकाशित हतियार) को भग्नावशेषमा विस्फोट हुँदा दुई जना बालबालिकाको मृत्यु भएको प्रान्तीय अधिकारीले बिहीबार पुष्टि गरेका छन् ।

घटना रोहानी बाबा जिल्लाको सेना तख्तामा भएको जनाइएको छ जहाँ बालबालिकाले खेल्ने क्रममा उक्त उपकरण फेला पारेर त्यससँग खेलिरहेको अवस्थामा अचानक विस्फोट हुँदा उनीहरूको मृत्यु भएको प्रान्तीय विपद् व्यवस्थापन अधिकारी तथा निर्देशक मावलवी निसार अहमद नेजातले बताउनुभएको छ ।

विगत तीन दिनमा गजनी प्रान्तमा हतियारका अवशेषहरू पड्किएर भएका दुई वटा छुट्टा- छुट्टै घटनामा, अन्य दुई बालबालिकाहरू गम्भीर घाइते भएको जनाइएको छ ।

अफगानिस्तान चार दशकभन्दा लामो जुन युद्ध र आन्तरिक द्वन्द्वको कारण बारुदी सुरुङ र अप्रकाशित हतियारहरूको भग्नावशेषले उच्च जोखिममा रहेको मुलुकको रूपमा स्थापित भएको जनाएको छ ।

# पाकिस्तानको निर्यात वृद्धि

इस्लामावाद (पाकिस्तान), ४ जून (सिन्हवा) । पाकिस्तानको निर्यात ९.५९ प्रतिशतले बढेर मे महिनामा दुई अर्ब ७० करोड अमेरिकी डलर पुगेको जनाइएको छ । यसअघि अप्रिलको निर्यात दुई अर्ब ४७ करोड डलर रहेको पाकिस्तान ब्युरो अफ स्ट्याटिस्टिक्स (पीबीएस) ले सार्वजनिक गरेको व्यापारिक तथ्याङ्कले जनाएको छ । अघिल्लो महिनाको तुलनामा मे महिनामा आयात २१.४५ प्रतिशतले घटेर पाँच अर्ब २९ करोड डलरमा झरेको जनाइएको छ, जसले मासिक व्यापार घाटा ३९.४३ प्रतिशतले घटाएर दुई अर्ब ५९ करोड डलरमा झारेको छ ।

वार्षिक आधारमा निर्यात सन् २०२५ को मेमा दुई अर्ब ६७ करोड डलरबाट १.२६ प्रतिशतले बढेर सन् २०२६ मे मा दुई अर्ब ७० करोड डलर पुगेको बताइएको छ । सोही अवधिमा आयात पाँच अर्ब ६६ करोड डलरबाट ६.६३ प्रतिशतले घटेर पाँच अर्ब २९ करोड डलरमा झरेको उल्लेख गरिएको छ ।

आर्थिक वर्ष २०२५-२६ (जुलाई-मे) को पहिलो ११ महिनामा पाकिस्तानको निर्यात अघिल्लो आर्थिक वर्षको समान अवधिमा २९ अर्ब ५६ करोड डलरबाट ५.६ प्रतिशतले घटेर २७ अर्ब नौ करोड डलरमा झरेको जनाइएको छ ।

# कवि विकलभित्र व्याप्त रक्तिम दृष्टिको सँगालो 'रातो चस्मा'

✍ रूपकेशरी उलक

जीवन जगत्लाई हेर्ने अनेकौँ दृष्टिकोण व्यक्तिको चिन्तनमा भर पर्दछ । कसैले जीवनलाई गतिशील देख्छन् त कसैले जीवनमा जडता देख्छन् । जडता र गतिशीलता जीवनका फरक आयामहरू हुन् । कवि विकल प्रजापति जीवनका यिनै आयामहरूलाई रातो चस्मा लगाएर हेर्दै छन् । उनको हेराइमा जीवन अदम्य छ । जीवन साहस हो, जीवन आशा हो, जीवन सङ्घर्ष र विजयको चक्र हो ।

विगत ४७/४८ सालदेखि लेखिएका आफ्ना रचनाहरूलाई सङ्कलन गरेर कवि विकल प्रगतिवादी लेखन धारामा जोडिएका छन् । उनीभित्रको रक्तिम दृष्टि र आभायुक्त शब्दभाव 'रातो चस्मा' को मूल आधार हो । समाजका विकृति विसङ्गतिप्रतिको व्यङ्ग्यसँगै वर्गीय चेतनाको जगमा उनका रचनाहरू उभिएका छन् ।

कवि गोपालप्रसाद रिमालको क्रान्तिकारी कविता 'आमाको सपना' कै प्रत्युत्तरका रूपमा 'मेरो सम्झना प्रजातन्त्रमा' शीर्षक दिएर कवि विकलले २०४६ सालको जनआन्दोलनलाई यसरी सम्झेका छन् :

*त्यो बिहान, त्यो रात*
*आँखासामु नाचिरहेछ*
*जुन दिन मान्छेदेखि घृणा गर्ने मान्छेलाई*
*मान्छे बन्न सिकाएथ्यो .....*
*..............................*
*चार मेरा साथीहरूले बलिदान गरिसकेछन्*
*त्यसैले पो त नयाँ बिहानी आयो ।*
*मैले आँगनीमै स्वागत गरेँ*
*साथीहरूले पनि स्वागत गरे*
*सबले स्वागत गरे*
*कति वर्षदेखि प्रतिक्षामा थिएँ*
*कसरी आउँछ हेरिरहेको थिएँ*
*त्यो त रगतसँगै बगेर पो आयो*
*लासमाथि चढेर आयो । (पृ.६२)*

जीवनका विसङ्गतिहरूलाई चिरेर आशाका रेखा कोर्नु र जीवनलाई हेर्ने हेराइमा क्रान्तिचेत राख्न सक्नु नै 'रातो चस्मा' को विशेषता हो । कथित कम्युनिस्ट भनाउँदा दलहरूको विसङ्गतिलाई सङ्केत गर्दै कतै बाटो नै भुल्यौ कि ? भन्दै कविले लेखेका छन् :

*दु:खको कुरो मित्र*
*अवरसरवादीहरूसँगै हातेमालो गरी हिँड्दा*
*धोकेबाजसँग मिलेर संशोधनवादी भएर हिँड्दा*
*सच्चा मित्रलाई सानो र ठुलोको भेदभाव गर्दा*
*मार्क्स र लेनिनको झण्डामुनि*
*विचारको कुपोषणले ग्रस्त भई*
*जन्मदिने माटोको आत्मबोध नहुँदा*
*मलाई बडो दु:ख लाग्छ ।*
*..............................*
*कतै तिमीले*
*हाम्रो मूल बाटो नै त भुलेनौ ?*
*रगतले हस्ताक्षर गरेको वाचा बन्धन*
*मूल गन्तव्य नै चुक्यौ कि ? (पृ.४८-४९)*

राजनैतिक चेतले भरिएका कवि विकलका कविताहरू बेथितिप्रति बढी लक्षित गरेर २०४६ सालपछिका जति पनि उतारचढावहरू नेपाली राजनीतिमा देखिए, त्यसमाथि व्यङ्ग्य र खबरदारी गर्न कवि चुकेका छैनन् । यसै क्रममा कवि लेख्छन् :

*जो जो चढ्छ मह काढ्न, ऊ झर्न मान्दैन*
*जो जसले चाटेको छ मह, ऊ छाड्न मान्दैन*
*अवकाशपछि लाई सञ्चितिको लागि*
*एक थोपा स्खलन नि मान्दैन*
*एक दृष्टि हेर्न र एक सास बोल्न नि मान्दैन ।*
*(मह र वाचा, पृ.४१)*
*विडम्बना यो देशमा*
*जनता मापसेमा कारबाही हुँदा*
*मन्त्रीहरू तारे होटेलमा*
*होली वाइनको स्लाइन चढाउँछन्*
*देशको नक्सालाई मापसेको बिल बनाएर*
*दिनमै भुक्तानी लिन्छन् दिन्छन् । (मापसे, पृ.३३)*

राष्ट्रघाती सन्धि सम्झौताहरू गरेर विदेशी दलालहरूको पञ्जामा नाच्न बाध्य कठपुतली सरकारप्रति व्यङ्ग्य गर्दै सचेत जनआक्रोशलाई कठपुतली भूत शीर्षकमा कवि पोख्छन् :


*काट्ने कैँचीले नै हो*
*र पनि कपाल काट्ने नाऊ*
*काँगियोलाई नकार्न सक्दैन*
*प्रत्येक पटक काँगियोले कोरेको गोरेटोमा*
*उसको कैँची हिँड्दछ ।*
*काँगियोको इसारामा*
*औँलाहरू चलाउनुमात्र हो*
*टाउकोभरिका कपाललाई समेट्न*
*कैयौँ आँला फिजाएको हुन्छ, काँगियोले ।*
*........................................*
*यता बहुमत ग्राहकहरू*
*चिढिन थालेका छन् नाऊसँग*
*..................................*
*लाग्छ उसमा रिमोटबाट चल्ने*
*कठपुतली भूत चढेको छ । (पृ.३९)*

भक्तपुर राजनैतिक चेतनाको इतिहास बोकेको जिल्ला हो जसले सिङ्गो देशमा चेतनाको दियो बाल्दै छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिको विश्लेषणमा यो सहर सचेत छ । यसै सहरका सचेत युवा हुन् कवि विकल प्रजापति । अनेकौँ वर्गीय लडाइँका फड्काहरू पार गर्दै आएका भक्तपुरे युवाहरूमा परिवर्तनका निम्ति जोश र चिन्तनयुक्त जाँगर छ । त्यसै चिन्तनमा लामबद्ध भई विरोधमा उत्रिएका उदाहरणहरू धेरै छन् । यहाँ क्षेत्रीय कुरा हैन वर्गीय चेत छ, सिङ्गो विश्वका कामदारवर्गमाथिको दमनको विरोध छ । यसैको सम्झनामा 'लामो हिँडाइ' शीर्षकमा कवि लेख्छन् :

*भक्तपुरदेखि काठमाडौँसम्म*
*चैत्रको लामो हिँडाइ*
*जीवनको उकालो ओरालो*
*यो वर्गीय महाउत्सव हो*
*साथी तिमी नछुट है ।*
*..............................*
*लामो हिँडाइमा........*
*अघि बढ मित्र अघि बढ*
*घामपानीले रोक्नु हुन्न*
*'एक्लो' तिमी अघि बढ*
*गन्तव्यमा चुक्नु हुन्न । (पृ.३२)*

कथित कम्युनिस्ट आन्दोलनको नाममा नेपाली जनताले लामो जनयुद्धलाई झेल्नु पर्‍यो । छद्मभेषी नेताको चङ्गलमा परेर कम्युनिस्ट आन्दोलनको इतिहासले कालो धब्बा सहनु पर्‍यो । न्यायालय समेत यसबाट अछुतो रहन सकेन यसै सन्दर्भमा अब झुण्डिने पालो कसको भन्दै कवि लामो कविता लेख्छन् :

*प्रिय कामरेड !*
*बोतलको पानी त तिमीले पनि खाएकै हो*
*...................................................*
*जीवन मेरो भाँसिएको भेउ नै भएन*
*......................................*
*पानीसँग खेल्ने पानीमै मर्छ*




*आगोसँग खेल्ने आगोमै मर्दोरहेछ*
*..................................*
*सर्वोच्च अदालत तिम्रै हातमा छ,*
*हामीले भागबन्डामा छानेका गुलामहरू*
*पानीमाथि ओभानो हुनु ठीक छैन*
*त्यसकारण,*
*तिमीलाई अन्तिम आह्वान गर्दै छु*
*रिमेम्बर एस्टर्डे । रिमेम्बर एस्टर्डे । (पृ.१०-१३)*

विश्वले महामारीको मार खप्दा नेपाल अछुतो रहने कुरै भएन । आणविक युद्ध र जैविक युद्धको प्रभाव नेपाली जनजनको आँगनमा पुगेकै छ । कोरोनाले आक्रान्त समयमा पश्चिमा शक्तिहरूको विरोध गर्दै आशा लाग्दा भावहरूमा उनी लेख्छन् :

*एक्काइसौँ शताब्दीको एक बिहान*
*जीवाणु युद्धको बाछिटाले*
*मेरो आँगनमा झुल्केको घाम*
*र त्यो घाममा खेल्ने अबोध बालकहरू*
*बेकसूर जलिरहेछन्, किन ?*
*..................................*
*यो कोरना राक्षसले*
*छुन सक्दैन शान्तिप्रिय नेपाललाई*
*किनभने पूर्वबाट नयाँ युगको*
*उज्यालो देखिसकेको छ*
*..............................*
*स्थान हुनेछैन बाजहरूको नयाँ युगमा....(पृ.१-३)*

समग्रमा, 'रातो चस्मा' कविभित्रको आशा र सङ्कल्पको सङ्ग्रह हो । प्रगतिवादी चिन्तनले भरिएका शब्दहरू काव्यिक स्वरूपमा उनिएका छन् । कवि विकलले आफ्नो ऊर्जाशील युवा उमेरदेखिका कविताहरूलाई सँगालेर प्रगतिवादी नेपाली साहित्यमा अझ ऊर्जा थप्ने कार्य गरेका छन् । सचेत राजनीतिक व्यक्ति, न्यायालयमा न्याय र निसाफको वकालतमा सरिक न्यायकर्मी कवि विकलका रचनाहरूको रचना गर्भभित्र गहिराइ छ । सरल भाषाशैलीका ऐतिहासिक चिन्तनयुक्त आलेखको प्राप्ति पाठक वर्गका निम्ति हर्षको विषय हो । लेखकीय शब्दमा उल्लेख भएअनुसार कवि विकलले आफ्ना काव्यसरि छोरीहरूको विवाह उत्सवको सुखद क्षणमा छोरीहरूलाई उपहारस्वरूप प्रदान गर्न पुस्तक प्रकाशन गरेको सन्दर्भ जोडेका छन् । काव्यप्रेमीहरूमा यस्तो सन्दर्भले बेग्लै महिमा राख्दछ । सबल र अब्बल छोरीहरू काव्यकृति जत्तिकै तेजिला छन् । सुखद दाम्पत्य जीवनको शुभकामना । कवि विकलका आगामी काव्यकृतिहरूको क्रमिक आगमनको प्रतिक्षासँगै लेखक तथा प्रकाशक सम्पूर्णमा धन्यवाद !

---

### लिम्पियाधुरा...

वरिष्ठ परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठले एउटा टेलिभिजन च्यानलमा दिनुभएको अन्तर्वार्ता र उहाँसँगको कुराकानीका आधारमा भन्नुभएको थियो, नेपालमा एकजना पात्र यस्ता छन्, जसको किन हो कुन्नि लिम्पियाधुरासँग औधी रिस छ । त्यसैले, तिनले पदमा हुँदा पनि लिम्पियाधुरा नेपालको रहेको नक्सा जारी गरेनन् र अहिले सेवानिवृत्त भएर पनि लिम्पियाधुरा नेपालमा आउनु हुन्न त्यसलाई भारतसँग बङ्गलादेशसम्म पुग्ने बाटो मागेर साट्नुपर्छ भन्ने घातक अभियान चलाएका छन् । परराष्ट्रविद् श्रेष्ठको उल्लिखित भनाइ र विश्लेषण वस्तुपरक यसकारण छ कि हुन पनि ती पात्रले लिम्पियाधुरा बङ्गलादेशसम्म पुग्ने बाटोसँग साट्नुपर्छ भनेर मिडियामा अभियान नै चलाएका छन् । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल पछिल्लोपटक भारत भ्रमणमा जाँदा तिनै पात्रले उनलाई लिम्पियाधुरा भारतसँग साट्ने सल्लाह दिएका थिए । भारतलाई फुकोट कर्णालीलगायतका जलस्रोत परियोजना बुझाएर सत्तालिप्साको खेलमा लागेका प्रचण्डले नेपाल फर्केपछि लिम्पियाधुरा भारतसँग बङ्गलादेशसम्म पुग्ने बाटो मागेर साट्न सक्ने बताएका थिए । जबकि प्रचण्डले लिम्पियाधुराबाट भारतीय सेना फिर्ताका लागि भारतसँग कुरा गर्नुपर्थ्यो, वार्ताको एजेन्डामा लिम्पियाधुरा राख्नुपर्थ्यो त्यो काम उनीबाट भएन ।

### कथित बङ्गलादेशी मोडल ?

सन् १९७१ मा पाकिस्तानबाट अलग्गिएको बङ्गलादेशले भारतसँगको सन् २०१५ मा 'ल्यान्ड बाउन्ड्री एग्रिमेन्ट' मार्फत सीमा समस्या सुल्झाएको थियो । त्यो समस्या भारत र पाकिस्तान छुटिँदादेखि विचाराधीन थियो । खासमा तत्कालीन पूर्वी पाकिस्तान (हाल बङ्गलादेश) भारतमा १११ वटा परिक्षेत्र बङ्गलादेशमा भारतका ५१ परिक्षेत्र थिए । एक अर्को देशमा सुरुवाती सिमाङ्कनकै बेलादेखि विवादित रहेका ती परिक्षेत्रहरू एकअर्को देशद्वारा अतिक्रमित भूमि थिएनन् । त्यसैले, भारत र बङ्गलादेश ती परिक्षेत्रहरू एकापसमा सट्टापट्टा गर्न राजी भए । तर, नेपाल र भारतबिच विद्यमान कालापानी, लिपुलेक र लिम्पियाधुरा समस्याको चरित्र भारत र बङ्गलादेशबिच विद्यमान उल्लिखित परिक्षेत्रसँग मिल्दैन । किनभने, नेपाल भारतबिचको लिम्पियाधुरा समस्या सुरुवाती सीमाङ्कनका बेला विचाराधीन नभई, नेपालको भनेर टुङ्गो लागिसकेपछि भारतद्वारा अतिक्रमित भूमि हो । भारतले नेपालको सामरिक रणनीतिक महत्त्वको भूमि हडप्दै जाने र नेपालले त्यसका लागि ऊसँग बङ्गलादेश हुँदै समुद्र पुग्ने बाटो माग्ने कुरा हाँस्यास्पद हो । त्यसमा पनि नेपालले बङ्गलादेश हुँदै समुद्रसम्मको बाटो पाउने कुरा तत्कालीन भारतीय प्रधानमन्त्री आईके गुजरालको २०५४ सालमा भएको नेपाल भ्रमणका बेला सहमति भइसकेको अवस्था हो । नेपालले समुद्रसम्म पुग्ने बाटो पाउने कुरा नेपालका लागि अन्तर्राष्ट्रिय कानुनप्रदत्त अधिकार हो । भारतलाई भूमि दिएर बाटो माग्ने भन्ने कुरा केटाकेटी पारा हो । यी पात्रहरूले नेपालले यसअघि पनि भारतसँग शारदा ब्यारेजमा ४ हजार एकड जमिन साटेको र चीनसँग सम्झौता हुँदा पनि नेपाल चीनबिच भूमि साटफेर भएकोले लिम्पियाधुरा बङ्गलादेशसम्म पुग्ने बाटोसँग साट्न सकिने कुतर्क अघि सार्ने गरेका छन् । तर माथि नै भारतसँग शारदा ब्यारेजमा साटिएको भूमि भारतले हडपेको भूमि साटिएको होइन । नेपाल चीनबिच पहिलोपटक वैज्ञानिक सीमाङ्कनका क्रममा भूमि साटफेर हुँदा एक अर्को देशले मिचेको भूमि साटेको होइन । आपसी सहमतिमा नेपाल चीनबिच भूमि साटफेर भएको हो । जबकि लिम्पियाधुरा क्षेत्र भारतले मिचेको, हडपेको नेपाली भूमि हो । त्यो भूमि भारतले नेपाललाई फर्काउनुको विकल्प छैन । यसमा नेपाली जनताको निरन्तर खबरदारी जरुरी छ । साथै लिम्पियाधुरा नेपालमा आएको देख्न नचाहने पात्रहरूप्रति सचेत रहनु र उनीहरूको अभियानविरुद्ध लड्नु पनि उत्तिकै आवश्यक छ ।

**स्रोत : बाल विकास स्मारिका-२०८१**

---

# विद्यालय तहको 'राष्ट्रिय पाठ्यक्रम प्रारूप' पुनरावलोकन गरिँदै

**प्रकाश सिलवाल**

काठमाडौँ, २१ जेठ । विद्यालय तहको पाठ्यक्रम पुनरावलोकन गर्न गठित कार्यदलले काम सुरू गरेको छ । कार्यदलले राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लाई समयसापेक्ष पुनरावलोकन गर्न योजनाबद्धरूमा कार्यारम्भ गरेको हो ।

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को गत वैशाख ११ गते शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा बसेको ९८ औँ बैठकले काठमाडौँ विश्वविद्यालयको 'स्कुल अफ एजुकेसन' का डीन प्रा.डा. बालचन्द्र लुइँटेलको संयोजकत्वमा कार्यदल गठन गरेको थियो । शैक्षिक वर्ष २०८० देखि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को पाँचवर्षे चक्र पूरा भएकाले पनि त्यसमा पुनरावलोकन गर्न लागिएको हो ।

"पाठ्यक्रमले कस्तो जनशक्ति उत्पादन गर्ने भन्ने हाम्रो मुख्य चिन्ता हुनेछ । सामाजिक मर्यादा, अनुशासन, लोकतान्त्रिक मूल्य, मान्यता, माया, स्नेह पनि बढाउन पाठ्यक्रमले योगदान दिनुपर्छ", संयोजक डा. लुइँटेलले भन्नुभयो, "यो काममा लागेका छौँ ।"

कार्यदलले शिक्षामन्त्री पोखरेल, राष्ट्रिय योजना आयोगको शिक्षा हेर्ने सदस्य रेशु अर्याल र शिक्षा मन्त्रालयका उच्चाधिकारीसहितको कार्यदलको बैठकले करिव पाँच महिनाभित्र सुझाव प्रतिवेदन तयार गर्ने योजना बनाएको छ । कार्यदलले विद्यालय शिक्षाको पुनरावलोकन र पुन:संरचनामा गराउने गरी नयाँ राष्ट्रिय पाठ्यक्रम प्रारूप सिफारिस गर्ने कार्यदलका सदस्य डा मीनाक्षी दाहालले बताउनुभयो ।

कार्यदलको सदस्यहरूमा डा. लेखनाथ पौडेल, डा. दाहाल, डा. अमिना सिंह, पवित्रबहादुर गौतम, डा. प्रमोद भट्ट, ज्ञानेन्द्र मल्ल, सँगेन्द्र श्रेष्ठ, रीचा न्यौपाने, रेवती कार्की र सदस्यसचिवमा पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक युवराज पौडेल हुनुहुन्छ ।

हरेक पाँच वर्षका पाठ्यक्रममा पुनरावलोकन हुँदै आएकामा निर्वाचनपछिको नयाँ सरकार बनेको अवस्थामा विद्यालय तहको शिक्षालाई पुन:संरचना नै गर्नेगरी बदलिँदो परिवेशअनुसार पाठ्यक्रमलाई समयसान्दर्भिक बनाएर लैजाने योजना बनाइएको कार्यदलका संयोजक डा. लुइँटेलले बताउनुभयो । विद्यार्थीलाई यान्त्रिक (घोकन्ते) मात्र नबनाइ जीवनका समग्र आयामका लागि कुशल र अशल बनाउन पाठ्यक्रममा सामाजिक र नैतिक शिक्षालगायतलाई समावेश गर्नेगरी कार्यदलले सम्बन्धित विज्ञ र सरकोकारवासँग बृहत् छलफल गर्ने उहाँले जानकारी दिनुभयो ।

कार्यदलका सदस्य डा. दाहालले 'थेमेटिक' अध्ययन सुरू भएको र विभिन्न सरोकार भएका पक्षसँग अनलाइन र भौतिकरूपमा अन्तर्क्रियामा जाने तयारी भएको जानकारी दिनुभयो ।

मुलुकको आमूल परिवर्तनका लागि बालबालिकाले प्राप्त गर्ने शिक्षाको पाठ्यक्रम व्यवहारिक, समसामयिक, गुणस्तरीय, जोवनोपयोगी र सान्दर्भिक बनाउनुपर्ने आवाज उठ्दै आएको छ । यसको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सबै पक्षको निरन्तर सकारात्मक सोच र पहल आवश्यक हुने पाठ्यक्रम विकास केन्द्रले जनाएको छ ।

स्थानीय र विश्वव्यापी आवश्यकतालाई महसुस गरी विकासका नवीनतम् शैक्षिक प्रवृत्ति तथा समाजमा व्याप्त समस्या समाधान र परिवेशलाई दृष्टिगत गरी विकास गर्न विद्यालय शिक्षाको मार्गदर्शन तय हुँदै आएको छ । स्थानीय तहको व्यवस्थापन र सञ्चालनमा विद्यालय तह रहने भएकाले सूचना तथा सञ्चार प्रविधि प्रयोगलाई व्यापक गरी, प्रारम्भिक शिक्षाको विस्तार गर्दै, जीवनोपयोगी विषयलाई एकीकृत गर्दै सिकाइलाई प्रभावकारी बनाउने ध्येय २०७६ सालको प्रारूपले लिएको थियो । विद्यालय तहमा सञ्चार, मानव अधिकारको प्रवर्द्धन र लैङ्गिकतासम्बन्धी अवधारणाका साथै नेपाली जात जातिका भाषा, संस्कृति र जीवनदर्शन एवम् राष्ट्रिय तथा विश्व परिवेशसँग नयाँ प्रारूप अझ परिस्कृत हुने ठानिएको छ । सन् २०३० सम्ममा पूरा गर्नुपर्ने दीगो विकासका लक्ष्यका बाँकी कार्यभारलाई पनि नयाँ प्रारूपले सम्बोधन गर्ने जनाइएको छ ।

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को बैठकले कक्षा ५ सम्मका विद्यार्थीलाई आन्तरिक परीक्षा लिने कार्य आगामी शैक्षिकसत्र बन्द गर्ने निर्णय पनि गरेको शिक्षा मन्त्रालयले जनाएको छ । उक्त तहका विद्यार्थीलाई मनोवैज्ञानिक असर र दबाब नपर्ने खालको मूल्याङ्कन प्रणालीको विकल्प तयार गर्न तथा कक्षा ४ र ५ मा समेत आन्तरिक मूल्याकङ्न पद्धति अवलम्बन गराउन परिषद्को बैठकले महानिर्देशक पौडेलको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरिएको छ ।

आगामी आर्थिक वर्षका लागि सरकारले ल्याएको नीति तथा कार्यक्रममा सबै तहका पाठ्यक्रम र मूल्याङ्कन प्रणालीको पुनरावलोकन गर्ने भनिएको छ । सो कार्यक्रममा माध्यमिक तहसम्मको शिक्षालाई सहज पहुँचयोग्य बनाउने सङ्कल्प गरिएको छ । शिक्षालाई रोजगारीमुखी शिक्षाको विस्तार, सार्वजनिक शिक्षामा लगानी वृद्धि गरी शिक्षाको नियमन, कृत्रिम बौद्धिकता (एआई) र सूचना प्रविधिको प्रयोग विस्तारका विषय नीति तथा कार्यक्रममा समावेश गरिएका छन् ।

# सिद्धपोखरीमा डकर्मीहरूको श्रमदान



भक्तपुर, २१ जेठ । भक्तपुर नगरपालिकाको आर्थिक सहयोगमा भक्तपुरको ऐतिहासिक सिद्धपोखरीमा मर्मत सम्भारको काम भइरहेको छ । जेठ १०-१२ गते सुरु भएको जीर्णोद्धारमा भक्तपुर डकर्मी सङ्घ जिल्ला समितिको सहयोगमा बिहीबार श्रमदान भयो । २० जना डकर्मी सहभागी भएको उक्त श्रमदानमा ८६ वर्षका दुरुकाजी सुवाल पनि संलग्न भएको स्थानीय जनताले बताएका छन् ।

सिद्धपोखरीको पेटी भत्केर बिग्रेपछि उपभोक्ता समितिमार्फत मर्मत सम्भार भइरहेको हो । मर्मत सम्भार गर्न केही महिनादेखि पोखरीका पानी तानेर अन्य पोखरीमा हालेको थियो ।

यसैबिच अन्तर्राष्ट्रिय वातावरण दिवसको अवसरमा शुक्रबार सिद्धपोखरी वरपर नपाको आयोजनामा सरसफाइ हुने कार्यक्रम रहेको स्रोतले जनाएको छ ।

## गोदावरी नगरपालिकाका प्रशासकीय अधिकृत चढ्ने स्कोर्पियो चोरी

ललितपुर, २१ जेठ । ललितपुरको गोदावरी नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत चढ्ने गाडी चोरी भएको छ । प्रमुख प्रशासकीय अधिकृत मानबहादुर खड्का चढ्दै आएको बा.२ झ १८७८ नम्बरको स्कोर्पियो चोरी भएको हो ।

गए राति १० बजेपछिको समयमा ललितपुरको दुरीखेलस्थित चालकको घरबाहिर पार्किङ गरेर राखेको गाडी चोरी भएको जिल्ला प्रहरी परिसर ललितपुरका एसपी गौतम मिश्रले बताउनुभयो । उहाँले भन्नुभयो, "गएराति १० बजेदेखि बिहान ६ बजेको बिचमा चोरी भएको देखिन्छ, हामी अनुसन्धान गर्दै छौं ।"

चालकको घरबाट चाबी चोरेर त्यसपछि चोरले गाडी चलाएर गएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट थाहा भएको छ ।

## जीतपुर दुर्घटनामा दुईको मृत्यु, घाइतेमध्ये चार जना सिकिस्त

भक्तपुर, २१ जेठ । भक्तपुरको चाँगुनारायण नगरपालिका वडा नं ८ मञ्जुश्री गुम्बा नजिक ट्याक्टरको ब्रेक फेल भई ओरालोमा अनियन्त्रित भई पल्टिँदा भक्तपुर प्रहरी परिसरका उद्धार टोलीले बुधबार राति आठ बजे घाइतेहरूलाई भक्तपुर अस्पताल लगेको थियो ।

भक्तपुर अस्पतालमा १२ जना सवारमध्ये ४ जना सिकिस्त रहेको जनाइएको छ । दुई जनाको भने मृत्यु भइसकेको थियो । बाँकी सामान्य घाइतेहरूको आकस्मिक व्यवस्थापन गरी उपचार भइरहेको जनाइएको छ । भक्तपुर प्रहरी परिसरका कार्यालय प्रमुख प्रहरी उपरीक्षक (एसपी) सूर्यबहादुर खड्का, भक्तपुर अस्पताल विपद् व्यवस्थापन संयोजक डा.रोशन बासुकला र सम्पूर्ण अस्पतालका स्वास्थ्यकर्मीहरूद्वारा घटनाको व्यवस्थापन गरिएको थियो ।

**जेसिस...**

विशेष अतिथि दिलरेमण कोजूले आफूले पनि यही विद्यालयबाट एसएलसी उत्तीर्ण गरेको स्मरण गर्दै सही मार्गदर्शन पाए विद्यार्थीहरू सही बाटोमा अघि बढ्ने बताउनुभयो ।

४७ वर्षअघि स्थापना भएको यस विद्यालयले विद्यार्थीहरूको भविष्य निर्माण तथा समाज रूपान्तरणमा उल्लेखनीय भूमिका खेलेको उहाँले बताउनुभयो ।

सार्वजनिक शैक्षिक गुठी विद्यालय सङ्घका अध्यक्ष जे.एस.पौडेलले नेपालको संविधानअनुसार सामुदायिक र संस्थागत विद्यालय सञ्चालनमा रहेको उल्लेख गर्दै जेसिस सेवा भावनाका साथ सञ्चालित सार्वजनिक गुठीअन्तर्गतको विद्यालय भएको बताउनुभयो ।

विद्यार्थी प्रतिनिधि पृथुजा गोर्खालीले जेसिसमा अध्ययन गर्दाको आफ्नो शैक्षिक अनुभव सुनाउँदै विद्यालयले आफूहरूलाई ज्ञान, अनुशासन र आत्मविश्वास प्रदान गरेको बताउनुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद अवालले जेसिस विद्यालयको स्थापना र विकास यात्राबारे प्रकाश पार्दै विद्यालय स्थापनाको प्रारम्भिक चरणमा समुदायको उल्लेखनीय योगदान रहेको बताउनुभयो ।

उहाँले शिक्षा क्षेत्रको विकासका लागि विद्यालयले निरन्तर प्रयास गर्दै आएको उल्लेख गर्दै हाल विद्यालयमा ४०० भन्दा बढी विद्यार्थी अध्ययनरत रहेको जानकारी दिनुभयो । सो अवसरमा नगर प्रमुख प्रजापतिले एसईई परीक्षार्थीहरूलाई मायाको चिनो वितरण गर्नुका साथै राष्ट्रिय खेलकुद प्रतियोगितामा विजेता बनेकी विद्यार्थी सिल्भी नागालाई सम्मान गरियो ।

**शोषणरहित...**

काम गरिरहेको र आदर्श आजाद माविले शिक्षाको उन्नयनका लागि गरिरहेको कार्यको प्रशंसा गर्नुभयो ।

विद्यालयका प्राचार्य चक्रबहादुर चाकतुले विद्यालयमा भौतिक पूर्वाधारको विकास निरन्तर भइरहेको र साढे ७ रोपनी जग्गामा विद्यालयका पूर्वाधारहरू निर्माण भएको जानकारी गराउँदै भन्नुभयो, "विद्यालयमा शौचालय, खानेपानी, सुरक्षा, फर्निचर, शैक्षिक सामग्री, पुस्तकालय, खाजा, छात्रवृत्ति, मानव संशाधनलगायतको यथोचित व्यवस्था छ ।"

विद्यालयले लक्ष्मीनारायण मानन्धर छात्रवृत्ति, विश्वराम कवां छात्रवृत्ति, जयन्तकुमार छात्रवृत्ति र सरस्वती कारञ्जित छात्रवृत्तिलगायत अन्य छात्रवृत्ति प्रदान गरिरहेको जानकारी पनि प्राचार्य चाकतुले दिनुभयो ।

आदर्श आजाद माविका पूर्व प्रअ एवम् आदर्श आजाद कलेजका प्राचार्य श्रीकृष्ण किसीले बीएडतर्फ १६५ र बीबीएसतर्फ १६ जना गरी १७९ जना विद्यार्थी कलेजमा अध्ययनरत रहेको हालसम्ममा ३१६ जना विद्यार्थीहरूले त्रिविको परीक्षा उत्तीर्ण गरी दीक्षा प्राप्त गरिसकेको जानकारी दिनुभयो ।

विगतमा ४० देखि ५० प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदै आएकोमा २०८२ सालको बीएड चौथो वर्षमा शतप्रतिशत नतिजा निकाल्न सफल भएकोमा गौरवको महसुस भएको अनुभुति प्राचार्य किसीले उल्लेख गर्नुभयो ।

कलेज व्यवस्थापन समितिका अध्यक्ष उद्धव सुजखुले दुइटा संस्था एउटै स्थानमा रहेकाले एउटै परिवारको रूपमा व्यवस्थापन समितिले काम गर्दै जाने वातावरण अनुकूल भएको खण्डमा विद्यालयका आकर्षक भवनहरू, फराकिलो चौर र विद्यार्थीहरूको निम्ति अत्यन्त अनुकुल भौगोलिक अवस्थितिले साथर्कता पाउने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घकी केन्द्रीय सदस्य पवित्राकुमारी शाहीले रास्वपाको वाचापत्र र व्यवहार फरक भएको दृष्टान्त पेस गर्दै एसईईको एक महिनामै परिणाम निकाल्ने नाममा व्यवस्थित तवरले काम नगरिकन हतार गर्दा विश्वसनीयतामा प्रश्न उत्पन्न भएको बताउनुभयो ।

हप्तामा दुई दिन बिदाको पनि पूर्वतयारी नगरिकन लागू गर्दा पाठ योजनामा गम्भीर धक्का पुगिरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रेम सुवालले विद्यालय र कलेजको संयुक्त स्मारिका विमोचन गर्नुभएको थियो ।

विद्यालयकी सहायक प्रधानाध्यापक सुभद्रा दुवालले स्वागत मन्तव्य राख्दै विद्यालय व्यवस्थित तवरले गरिब तथा मध्यमवर्गका विद्यार्थीहरूको गन्तव्य बन्दै गएको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष योगेन्द्रमान बिजुक्छेँको सभापतित्वमा भएको कार्यक्रममा २०८१ सालको वार्षिक परीक्षामा उत्कृष्ट भएका ३६ जना र २०८२ सालमा उत्कृष्ट भएका ३६ विद्यार्थीका साथ अतिरिक्त क्रियाकलापमा उत्कृष्ट भएका १८३ जना विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । यसैंगरी २०८२ सालको एसईई उत्तीण २४ जना विद्यार्थीलाई मायाको चिनो प्रदान गरिएको थियो ।

कार्यक्रममा विद्यार्थीहरूले विभिन्न सांस्कृतिक गतिविधि प्रस्तुत गरेका थिए । विद्यालयमा हाल ८ सय १ जना विद्यार्थी अध्ययनरत छन् ।

सिद्धि गणेश कर्नर
हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

निःशुल्क हाडजोर्नी नसा रोगसम्बन्धी स्वास्थ्य शिविर र डेङ्गु रोगसम्बन्धी सचेतनामूलक कार्यक्रम

विश्व वातावरण दिवसको अवसरमा हुने
**निःशुल्क हाडजोर्नी तथा नसा रोगसम्बन्धी स्वास्थ्य शिविर र डेङ्गु रोगसम्बन्धी सचेतनामूलक कार्यक्रम**मा सहभागिताका लागि हार्दिक अनुरोध गर्दछौं ।






मितिः २०८३ जेठ २२ गते, शुक्रबार
समयः बिहान ७:०० बजेदेखि
स्थानः यातु गणेश मन्दिर परिसर, कमलविनायक

प्राविधिक सहयोग : ख्वप अस्पताल, च्याम्हासिंह, भक्तपुर
यातु गणेश सेवाकेन्द्र व्यवस्थापन उपसमिति

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

हार्दिक समवेदना



जन्म
२०१६ असोज

स्वर्गारोहण
२०८३/०२/१०

नेपाल मजदुर किसान पार्टी गोकर्णेश्वर नगर समितिका सक्रिय अग्रज कार्यकर्ता **कृष्ण दुवाल**को असामयिक निधन भएको १३ औं दिनको पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेमकिपा जिल्ला समिति, काठमाडौं**
**नेमकिपा गोकर्णेश्वर नगर समिति, काठमाडौं**

सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।

❖ नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
❖ हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
❖ फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
❖ जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
❖ पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
❖ जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
❖ सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।

हिमाल हाम्रो पहिचान र गौरवको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा